
# विद्यालय शिक्षा क्षेत्रको योजना (२०८१/०८२-२०८५/०८६)

## यमुना माई गाँउपालिका, सरुअठा, रौतहट




**प्रकाशक**

**यामुना माई गाँउपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा, यूवा तथा खेलकुद शखा**

**सरुअठा, रौतहट, मधेश प्रदेश, नेपाल**

प्रकाशकः यमुना माई गाँउपालिका, रौतहट
प्रकाशन प्रतिः
सर्वाधिकारः प्रकाशकमा
मुद्रण
प्रमाणित मितिः २०८२ बैशाख ७ गते
प्रकाशन मितिः २०८२ बैशाख ७ गते
अद्यावधिक मितिः

प्राविधिक सहयोगः ( युनिसेफ, युरोपियन युनियन, सुमो फिनल्याणड, पिपल प्रमोट सेन्टर, जनकपुर धाम, धनुषा )

CS CamScanner

## भूमिका

यमुना माई गाँपालिका शिक्षा योजना, २०८० लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गर्व र उत्साहका साथ योजनाको भुमिका लेख्न पाएकोमा आफूलाई धन्य मान्दछु। यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्वपूर्ण कदम हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ। वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जसअनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक सेवाहरू प्रदान गर्ने जिम्मेवारी साझा गरेका छन्। यसैको अनुसरणमा यमुना माई न गरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ। हाम्रो गाँउपालिकाले शिक्षाको महत्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबूत बनाएको छ।

राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको पन्ध्रौ योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेका छौं। यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ। यो योजनाले गाँउपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्वपूर्ण भूमिका खेल्नेछ। साथै, यसले शिक्षाक्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने, र गाँउपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ। हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहकार्य, र सहकारितामा विश्वास गर्दछौं। यसले शिक्षा प्रणालीमा आमूलचूल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न मद्दत गर्नेछ।

अन्तमा, यो योजना गाँउपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिताबिना सफल हुन सक्दैन। हामी सबैको संयुक्त प्रयासले यमुना माई गाँउपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबैमाझ प्रस्तुत गर्दछौं।

धन्यवाद।

..............................

गा पा. प्रमुख

यमुना माई गाँउपालिका, रौतहट

CamScanner

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधारस्तम्भ हो । कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ। यमुना माई गाँउपालिका शिक्षाको क्षेत्रमा व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ । आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ । गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ । यमुना माई गाँउपालिका को वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पंचवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो। यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू, विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति यमुना माई गाँउपालिकाको को तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

.............................
रामश्रेष्ठ प्रसाद यादव
प्रमुख प्रशासकिय अधिकृत
यमुना माई गाँउपालिका, रौतहट

CS CamScanner

# प्राक्कथन

शिक्षा सबैको पहुँचमा पुऱ्याउनुका साथै गुणस्तरीय, प्रविधिमैत्री, समान सहभागिता सुनिश्चित गर्ने, शिक्षालाई लैंगिक तथा सामाजिक भेदभावरहित अवसरका रूपमा स्थापित गर्ने र प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न स्थानीय तहमा शिक्षा क्षेत्रको योजनाबद्ध विकास आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रवर्द्धन, शिक्षा सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई साकार पार्न स्थानीय तहले सरोकारवालासँग सहकार्य गरी शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउन योगदान पुऱ्याउन आवश्यक छ।

यमुना माई गाँउपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रममार्फत निरन्तर रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ। यस योजना तयार पार्न आर्थिक सहयोग उपलब्ध गराउने यमुना माई गाँउपालिकालाई धन्यवाद दिँदै, प्राविधिक सहयोग प्रदान गर्ने शिक्षा विकास तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई कार्यक्रम जनकपुरप्रति आभार व्यक्त गर्न चाहन्छौं।

यस योजना निर्माणका क्रममा महत्वपूर्ण योगदान दिने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक सहयोग प्रदान गर्ने पिपल प्रोमोट सेन्टर प्रतिनिधि मदन कुमार राम तथा सामाजिक विकास समिति, मस्यौदा लेखन समितिलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । साथै, निरन्तर सल्लाह र सुझाव प्रदान गर्दै सहयोग पुऱ्याउने गाँउपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ-संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल तथा तथ्याङ्क संकलनकर्ताहरू सबैप्रति कृतज्ञता व्यक्त गर्दछौं। आगामी दिनमा यस योजनालाई अझ परिष्कृत गर्दै अघि बढ्नका लागि सबै सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

शिक्षा, युवा तथा खेलकुद शाखा,
यमुना माई गाँउपालिका

## बिषय सूची

परिच्छेद १ : परिचय.......5

१.१.पृष्ठभुमी.......5

१.२. यमुना माई गाँउपालिकाको समग्र सन्दर्भ.......5

१.२.१ जनसंख्याकी, समाजिक र सांस्कृतिक परिदृशय.......6

१.२.२ आर्थिक परिदृशय.......8

१.२.३ बतावरण तथा वनजंगल.......8

१.२.४ स्वास्थ्य.......8

१.३. पालिकाको शैक्षिक सन्दर्भ.......9

१.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा.......9

१.३.२ नितिगत प्रबन्ध.......9

१.३.३ नेपालमा शिक्षाको संरचना.......10

१.३.४ यमुना माई गाउँपालिकाको शैक्षिक विवरण.......10

१.३.५ शिक्षा क्षेत्रको योजना.......12

१.३.६ दिगो विकासका लक्ष्य र यमुना माई गाँउपालिका.......12

१.४ यमुना माई गाँउपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु.......13

१.५. यमुना माई गाँउपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु.......14

१.६. यमुना माई गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया.......14

१.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत /सामग्रीहरुको अध्ययन तथा समिक्षा.......15

१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था.......15

१.६.२ योजनाको पहिलो मस्यौदा विकास.......16

परिच्छेद:दुई.......17

दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य.......17

२.१ परिचय.......17

२.२ दूरदृष्टि.......17

२.३ लक्ष्य.......17

२.४ प्रमुख उद्देश्यहरु :.......17

२.५. रणनीतिहरु :.......18

२.६ अपेक्षित मुख्य उपलब्धि.......18

२.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण.......19

परिच्छेद तिन विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु.......22

३.परिचय.......22

३.१.प्रारम्भिक बालविकास र शिक्षा.......22

३.१.१ परिचय.......22

३.१.२.वर्तमान अवस्था.......22

३.१.३ समस्या तथा चुनौतिहरु.......23

३.१.४ उदेश्यहरु.......24

३.१.५ रणनीति.......24

३.१.६ प्रमुख उपलब्धी तथा नतिजाहरु.......25

महमद
यमुनामाई
सरुअठा

CamScanner

३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ........ 26
३.२ आधारभूत शिक्षा ........ 29
३.२.१ परिचय ........ 29
३.२.२ बर्तमान अवस्था ........ 29
३.२.४ उदेश्यहरु ........ 32
३.२.५ रणनीतिहरु ........ 32
३.२.६ प्रमुख उपलब्धी र नतिजा ........ 33
३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य : ........ 34
३.३ माध्यमिक शिक्षा: ........ 35
३.३.१ परिचय: ........ 35
३.३.२ वर्तमानअवस्था ........ 36
३.३.३ समस्या तथा चुनौतिहरु ........ 38
३.३.४ उद्देश्यहरू ........ 38
३.४.५ रणनीतिहरू ........ 39
३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु ........ 40
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 41
३.४ उच्चशिक्षा ........ 42
३.४.१ परिचय ........ 42
३.४.२ वर्तमान अवस्था ........ 42
३.४.३ चुनौतीहरु: ........ 42
३.४.४. उद्देश्य ........ 42
३.४.५ रणनीतिहरू ........ 42
३.४.६ प्रमुख उपलब्धि र नतिजा ........ 43
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 43
३.५ प्राविधिक तथा व्यावसाविक शिक्षा र सिप विकास तथा तालिम ........ 43
३.५.१ परिचय ........ 43
३.५.२ वर्तमान अवस्था ........ 43
३.५.३ उदेश्य ........ 44
३.५.४. रणनीति ........ 44
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 44
३.५.६ प्रमुख त्रियाकलाप तथा लक्ष्य ........ 44
३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ 45
३.६.१ परिचय ........ 45
३.६.२ वर्तमान अवस्था ........ 45
३.६.३ चुनौतीहरू ........ 46
३.६.४ उद्देश्य ........ 46
३.६.५ रणनीतिहरू ........ 46
३.६.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 47
३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 48
परिच्छेद चार: अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ........ 49
४.परिचय ........ 49
४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन ........ 49
४.१.१ परिचय ........ 49
४.१.२ वर्तमान अवस्था ........ 49

महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

४.१.३ चुनौतीहरु: ........ 50
४.१.४ उद्देश्य ........ 50
४.१.५ रणनीतिहरू ........ 50
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा, ........ 51
४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 51
४.२ शिक्षक व्यवस्थापन तथा विकास ........ 52
४.२.१ परिचय : ........ 52
४.२.२ बर्तमान अवस्था : ........ 52
४.२.३ चुनौतीहरु ........ 54
४.२.४ उद्देश्य ........ 55
४.२.५ रणनीतिहरू ........ 55
४.२.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 55
४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 57
४.३ शैक्षिक समता र समावेशीकरण ........ 58
४.३.१ परिचय ........ 58
४.३.२ बर्तमान अवस्था ........ 59
४.३.३ चुनौतीहरू ........ 59
४.३.४ उद्देश्यहरू ........ 59
४.२.५ रणनीतिहरू ........ 59
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 60
४.४ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ 62
४.४.१ परिचय ........ 62
४.४.२ वर्तमान अवस्था ........ 62
४.४.३ चुनौतीहरू ........ 62
४.४.४ उद्देश्य ........ 63
४.४.५ रणनीतिहरू ........ 63
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 63
४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 64
४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ........ 65
४.५.१ परिचय ........ 65
४.५.२ वर्तमान अवस्था ........ 66
४.५.३ चुनौतीहरू : ........ 66
४.५.४ उद्देश्यहरू ........ 66
४.५.५ रणनीतिहरू ........ 66
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 66
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 68
४.६.१ परिचय ........ 68
४.६.२ वर्तमान अवस्था ........ 68
४.६.३ चुनौतीहरू ........ 68
४.६.४ उद्देश्य ........ 68
४.६.५ रणनीतिहरू ........ 68
४.६.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 69
४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 69
४.७ विधालय सूचना तथा संचार प्रबिधि ........ 70
४.७.१ परिचय ........ 70

महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

CamScanner

४.७.२ वर्तमान अवस्था ........ 70
४.७.३ चुनौतीहरू ........ 70
४.७.४ उद्देश्यहरू ........ 71
४.७.५ रणनीतिहरू ........ 71
४.७.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 71

**परिच्छेद पाच:सुशासन तथा व्यवस्थापन ........ 73**

५.परिचय ........ 73
५.१ संस्थागत संरचना र क्षमता विकास ........ 73
५.१.१ परिचय ........ 73
५.१.२ वर्तमान अवस्था ........ 74
५.१.३ समस्याहरु र चुनौतिहरु ........ 74
५.१.४ उद्देश्य ........ 74
५.१.५ रणनीतिहरू ........ 75
५.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 75
५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 76
५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध ........ 77
५.२.१ परिचय ........ 77
५.२.२ वर्तमान अवस्था ........ 77
५.२.३ चुनौतीहरू ........ 77
५.२.४ उद्देशयहरु ........ 77
५.२.५ रणनितिहरु ........ 78
५.२.६ प्रमुख उपलब्धि तथा नतिजा, ........ 79
५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य ........ 79
५.३ अनुगमन तथा मूल्याङ्कन ........ 79
५.३.१ परिचय ........ 79
५.३.२ वर्तमान अवस्था ........ 80
५.३.३ चुनौतिहरु ........ 80
५.३.४ उद्देश्य ........ 81
५.३.५ रणनीतिहरू ........ 81
५.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 81
५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु ........ 81

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ........ 83**

६.१ परिचय ........ 83
६.२ वर्तमान अवस्था ........ 83
६.३ चुनौतीहरू ........ 83
६.४ उद्देश्य ........ 84
६.५ रणनीतिहरू ........ 84
६.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 85
६.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 86

**सन्दर्भ सामग्रीहरु ........ 92**


महमद सउद
अध्यक्ष

# परिच्छेद १ : परिचय

## १.१.पृष्ठभुमी

नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्र हो, जहाँ तीन तहका सरकारले आ आफ्ना क्षेत्रगत अधिकार प्रयोग गर्दै शासन तथा प्रशास- संरचनालाई निर्देशित गरिरहेका छन्। नेपालको संविधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समानता सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यी उद्देश्यहरूलाई मूर्त रूप दिन संघीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरि लागु गरेएको छ । जसले संघीय, प्रदेश, र स्थानीय सरकारबीच समन्वय गरी शिक्षालाई समावेशी, गुणस्तरीय, र पहुँचयोग्य बनाउन मार्गदर्शन प्रदान गरेको छ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आधारभूत र माध्यमिक शिक्षा सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रत्यायोजन गरिएको छ, जसले शिक्षानीति निर्माण, योजना तर्जुमा, र कार्यान्वयनका क्षेत्रमा स्थानीय सरकारलाई सशक्त बनाएको छ। यसै परिप्रेक्ष्यमा, यमुना माई गाँउपालिकाले आफ्नो शैक्षिक आवश्यकता, प्राथमिकता, र स्थानीय विशेषतालाई मध्यनजर गर्दै यो शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

यस योजनाले शिक्षाको सेवा प्रवाहलाई अझ प्रभावकारी, दिगो, र समावेशी बनाउने विश्वास गरिएको छ। स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण तथा कार्यान्वयन गर्दा संवैधानिक दायित्व, कानुनी प्रावधान, र आवश्यकताहरू पूरा गर्न अपरिहार्य हुन्छ। साथै, ज्ञान, विज्ञान, तथा प्रविधिमा भइरहेका नवीनतम परिवर्तनहरूलाई आत्मसात् गर्दै समाजलाई आवश्यक पर्ने दक्ष तथा सिर्जनशील जनशक्ति उत्पादन गर्न शिक्षाको समयसापेक्ष योगदानलाई सुनिश्चित गर्नु आवश्यक छ।

यसका अतिरिक्त, कोभिड१९ लगायत अन्य प्राकृतिक प्रकोपहरू-ले शिक्षामा पार्ने प्रभावलाई न्यूनीकरण गर्ने तथा जलवायु परिवर्तनजन्य जोखिमहरूलाई कम गर्न सक्षम, उत्थानशील (Resilient) शिक्षा प्रणालीको विकास अपरिहार्य छ। यही दृष्टिकोणलाई आत्मसात् गर्दै यमुना माई गाँउपालिकाले शिक्षाको पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकरणलाई सुदृढ बनाउने उद्देश्यसहित शिक्षा क्षेत्रको लोकतान्त्रिकरण र सापेक्षिक विकासलाई प्राथमिकता दिँदै आगामी सन् २०२८ सम्मका लागि आवश्यक स्रोत साधनको आकलन गर्दै शिक्षा योजना तयार गर्ने प्रयास गरेको छ।

## १.२. यमुना माई गाँउपालिकाको समग्र सन्दर्भ

यमुना माई गाँउपालिका नेपालको मधेश प्रदेश, रौतहट जिल्लाको सदरमुकाम नगरपालिका गौरसँग जोडिएको एक महत्वपूर्ण गाँउपालिका हो, नेपालको संविधान २०७२ को भाग १७ तथा स्थानीय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम यस गाँउपालिकाको गठन भएको हो भौगोलिक अवस्थिती अनुसार उत्तरमा पशिचममा राजपुर पुर्वमा राजदेवी र दुर्गा भागवती गाँउपालिका र दक्षिणमा गौर नगरपालिका रहेको छ । यो गाँउपालिका साबिकको बन्जरहा, जेठरहिया भेडीयाही, राजपुर तुलसी, सरुअठा र झुन्खुनवा (१- ५) वडा गाविसलाई मिलाएर निर्माण भएको हो । यो पालिका क्षेत्रफल १६.७ वर्ग किलोमिटरमा फैलिएर रहेको छ । यस पालिकाको जम्मा जनसँख्या २८४१४ रहेको छ ।

यहाँको हावापानी समशीतोष्ण खालको छ भने उत्तरी भागमा समान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । जनसंख्याको हिसाबले वि.स. २०७८ को जनगणना अनुसार यहा ५१.९ प्रतिशत साक्षर नागरिक रहेको छ भने ६१.५ प्रतिशत पुरुष र ४२.७ प्रतिशत महिला मात्र साक्षर रहेको छ । यमुना माई गाँउपालिका कृषि, व्यापार तथा शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने क्षेत्रका रूपमा परिचित छ। स्थानीय प्रशासन, सेवा प्रवाह, तथा पूर्वाधार विकासका दृष्टिले यो गाँउपालिका अगाडि बढिरहेको छ। यस गाँउपालिकाले



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

CamScanner

समावेशी र दिगो विकासलाई प्राथमिकता दिँदै स्थानीय स्रोत साधनको उचित परिचालन, पूर्वाधार निर्माण, तथा सामाजिक सेवाहरूको विस्तारमा ध्यान केन्द्रित गर्दै आएको छ ।

### १.२.१ जनसंख्याकी, समाजिक र सांस्कृतिक परिदृशय


तालिका न. १ वडागत जनसंख्या विवरण

| वडा न. | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| पूरुष | २८०८ | १८५० | ३४०० | ४३५० | १४७९ |
| महिला | २७४८ | १९३८ | ३८१९ | ४६४७ | १३७५ |
| जम्मा | ५५५६ | ३७८८ | ७२१९ | ८९९७ | २८५४ |

स्रोतः राष्ट्रिय जनगणना वर्ष २०७८

तपाईले दिएको जनसंख्याको विवरण अनुसार कुल ५ वटा वडाहरूमा रहेको जनसंख्याको विश्लेषण गर्दा कुल जनसंख्या २८,३१४ रहेको पाइन्छ। यसमा पुरुष संख्या १३,८८७ जना छन् भने महिला संख्या १४,४२७ जना छन्। यसअनुसार महिला संख्या पुरुषभन्दा ५४० जना बढी छन्, जसले लैंगिक सन्तुलन महिलातर्फ केही झुकेको देखिन्छ । वडा अनुसार हेर्दा, वडा नं. ४ मा सबैभन्दा बढी जनसंख्या रहेको छ, जहाँ ४३५० जना पुरुष र ४६४७ जना महिला गरी कुल ८९९७ जना छन्। त्यसपछि वडा नं. ३ मा ७२१९ जना, वडा नं. १ मा ५५५६ जना, वडा नं. २ मा ३७८८ जना र वडा नं. ५ मा २८५४ जना जनसंख्या रहेको छ। यसमा वडा नं. ५ मा सबैभन्दा कम जनसंख्या रहेको देखिन्छ । लैंगिक अनुपात हेर्दा, वडा नं. १ र ५ मा पुरुषको संख्या महिलाभन्दा बढी रहेको छ भने वडा नं. २, ३ र ४ मा महिला संख्या बढी देखिन्छ। यसरी समग्र रूपमा हेर्दा, जनसंख्या वितरण र लैंगिक अनुपातमा थोरै असन्तुलन देखिए पनि सबै वडाहरूमा महिलाको सहभागिता सशक्त देखिन्छ।

तालिका न. २ जातजतीको अधारमा जनसंख्या विवरण




स्रोतः जनगणना २०७८

माथि दिएको जनगणना २०७८ अनुसारको जातजाती अनुसारको विवरणलाई केलाएर हेर्दा यहाँ यमुना माई गाँउपालिकाको १० प्रमुख जातजतीहरुको विवरण प्रस्तुत गरिएको छ । जहाँ मुस्लिम जातिहरूको संख्या सव जाती भन्दा उच्च ३८.७ प्रतिशत, मध्यम मा ६.२ प्रतिशत कुर्मीको रहेको छ भने १० औ स्थानमा लोहार जाती रहेकोछ ।



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

तालिका न. ३ भाषाको अधारमा जनसंख्या विवरण

| भाषा | जम्मा | पूरुष | महिला |
|---|---|---|---|
| जम्मा | ५१८५५ | २५७७२ | २६०८३ |
| नेपाली | ४१५ | १८३ | २३२ |
| मैथिली | १२५७ | ८४३ | ४१४ |
| भोजपुरी | ८६८ | ४३८ | ४३० |
| बज्जिका | ३३६०२ | १६७२९ | १६८७३ |
| उर्दू | १५६३३ | ७५४२ | ८०९१ |
| हिन्दी | ३५ | १४ | २१ |
| खाश | २६ | १५ | ११ |
| अरू | १९ | ८ | ११ |

स्रोतः जनगणना २०७८

माथि दिएको तालिका जनगणना २०७८ को भाषा भाषी अनुसारको विवरण हेर्दा उर्दु भाषा वाहुल्य भाषाको रुपमा रहेको छ । जुन १५६३३ जनाले बोल्ने रहेछ । त्यसतै बाजिका भाषा ३३६०२ जनाले बोलेन रहेछ । सब भन्दा कम हिन्दी भाषा ३५ जनाले बोलने भाषाको रुपमा रहेको देखिन्छ ।

यसतै यो गाँउपालिकाको समाजिक पक्षको अर्को पाटो धर्म मन्ने जनसख्यालाई यसरी उल्लेख गर्न सकिन्छ ।
तालिका न.४ धर्म अनुसारको जनसंख्या विवरण

| धर्म अनुसारको जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| धर्म | हिन्दु | वौध | ईसलाम | किराँत | क्रिसचन | प्रकृती | बोन | जैन | वहाई |
| जम्मा | ६१ | ० | ३९ | ० | ० | ० | ० | ० | ० |
| पूरुष | ६२.२ | ० | ३७.८ | ० | ० | ० | ० | ० | ० |
| महिला | ५९.८ | ० | ४०.२ | ० | ० | १ | ० | ० | ० |

स्रोतः राष्ट्रिय जनगणना वर्ष २०७८

यो तालिकाले विभिन्न धर्मअनुसारको जनसंख्या विवरण प्रस्तुत गर्छ । सबैभन्दा धेरै जनसंख्या हिन्दू धर्मावलम्बीको रहेको छ, जसको कुल संख्या ६१ प्रतिशत छ । हिन्दू समुदायमा पुरुष प्रतिशत ६२ प्रतिशत र महिला प्रतिशत ५९ प्रतिशत रहेको छ। इस्लाम धर्मावलम्बीको कुल संख्या ३९ प्रतिशत छ, जहाँ पुरुष ३७८. प्रतिशत र महिला ४०२. प्रतिशत रहेका छन् । अन्य धर्महरू जस्तै बौद्ध, किरात, इसाई, प्रकृति, बोन, जैन, बहाई, तथा सिक्ख धर्मावलम्बीहरूको संख्या शून्य रहेको छ ।
यस तथ्यांकले हिन्दू र इस्लाम धर्मावलम्बी मात्र रहेको देखाउँछ भने अन्य धर्महरूको उपस्थिति छैन। धर्मअनुसारको यस्तो वितरणले सामाजिक संरचना र विविधताको अवस्था बारे जानकारी दिन्छ, जसले नीति निर्माण तथा समुदायमा आवश्यक सेवा तथा स्रोत साधनको व्यवस्थापनमा मद्दत गर्न सक्छ।



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
मधेश प्रदेश, नेपाल

## १.२.२ आर्थिक परिदृशय

यो तथ्यांकले २०७८ को कृषी गणना अनुसार यमुना माई गाँउपालिकाको कृषक परिवार, उनीहरूले प्रयोग गर्ने जमिन, कित्ता संख्या, तथा सिंचाई सुविधाको अवस्थाबारे जानकारी दिन्छ। गाँउपालिकामा ४५८२ कृषक परिवार रहेका छन्, जसले कुल २३७४ हेक्टर जमिनमा खेती गर्छन्। खेतीयोग्य जमिन विभिन्न भागमा विभाजित रहेको छ, जसका कारण जम्मा १२००० कित्ता रहेका छन्। यस हिसाबले प्रत्येक कृषक परिवारको औसत कित्ता संख्या २.६ रहेको छ, जसले जमिनको टुक्रा-टुक्रा भएर रहेको अवस्था देखाउँछ। सिंचाई सुविधाको सन्दर्भमा ४२३७ कृषक परिवार सिंचाई सुविधा प्रयोग गर्छन्, जसले देखाउँछ कि अधिकांश कृषक परिवार सिंचाई सुविधासँग जोडिएका छन्। सिंचित क्षेत्रफल २१९९.२ हेक्टर रहेको छ, जसले सिंचाईको राम्रो उपलब्धता जनाउँछ। यो विवरणले यमुना माई गाँउपालिकाको कृषि संरचना बुझ्न मद्दत गर्छ। सिंचाई सुविधा व्यापक भए पनि अझै केही कृषक परिवारहरू सिंचाई सुविधाबाट बञ्चित छन्। खेतीयोग्य जमिन धेरै भागमा विभाजित भएकाले कृषि उत्पादनमा प्रभाव पर्न सक्छ। यस क्षेत्रका कृषकहरूको आय वृद्धिका लागि आधुनिक कृषि प्रविधि र थप सिंचाई सुविधाको विस्तार आवश्यक देखिन्छ।

यो तथ्यांकले यमुना माई गाँउपालिकाका कृषक परिवारहरूको पशुपालन अवस्थाबारे जानकारी दिन्छ। गाँउपालिकामा ४५८२ कृषक परिवार छन्, जसमध्ये ३१६४ कृषक परिवारले पशु चौपाया पालेका छन्। गाई वा गोरु पाल्ने कृषक परिवारको संख्या ३०४ छ, जसले जम्मा ४०६ वटा गाई वा गोरु पालेका छन्। यस्तै, १५५८ कृषक परिवारले राँगा वा भैंसी पालेका छन्, जसको कुल संख्या २६६० रहेको छ। बाख्रा वा च्याङ्ग्रा पालन गर्ने कृषक परिवारको संख्या २३३८ छ, जसले ७८१३ वटा बाख्रा वा च्याङ्ग्रा पालेका छन्। भैंडा वा भैंडी पाल्ने कृषक परिवारको संख्या भने निकै कम ८ मात्र छ, जसले जम्मा ४२ वटा भैंडा वा भैंडी पालेका छन्। गाँउपालिकामा सुगुँर वा बंगुर पालन गर्ने कृषक परिवारको संख्या शून्य रहेको छ। कुखुरा पालन गर्ने कृषक परिवारको संख्या २८४ छ, जसले कुल ८४७ वटा कुखुरा पालेका छन्। अन्य पन्छी पालन गर्ने कृषक परिवारको संख्या १७ मात्र रहेको छ, जसले जम्मा १२५ वटा अन्य पन्छी पालेका छन्। यो तथ्यांकले यमुना माई गाँउपालिकामा बाख्रा पालन सबैभन्दा लोकप्रिय रहेको देखाउँछ, किनभने यसमा सबैभन्दा धेरै कृषक संलग्न छन्। गाई, गोरु, राँगा, तथा भैंसी पालन गर्ने कृषकको संख्या पनि उल्लेख्य छ, तर भैंडा वा सुगुँर पालनको संख्या निकै न्यून छ। पशुपालन कृषक परिवारको आयको महत्वपूर्ण स्रोत हुनसक्छ, त्यसैले पशुपालनको प्रवर्धन गर्न नीतिगत योजना आवश्यक देखिन्छ।

त्यसतै यो गाँउपालिकामा सरकारी, गैर सरकारी तथा विभिन्न निजी संस्थाहरुमा कार्यरत रहेको छ त्यसतै यो गाँउपालिका भारतसँग जोडिएको भएकोले धेरै कामको लागि भारत जाने गरेको छ। र त्यसतै स्थानिय बजारहरु लतमरि , औंरैया, मोतिया बाजार आदीँहरुमा जाने गर्दछ र विषेश रुपमा केही महत्वपूर्ण खरिद विक्री गर्नु परेमा गौर र भारतको नजिक पर्ने नका कुन्डवा चैनपुर बजार जाने गरेको छ।

## १.२.३ बतावरण तथा वनजंगल

यमुना माई गाँउपालिकामा वनजगंल नभए पनि व्यक्तीगत रुपमा लागाएको वोटविरुवाहरु वैगचाको रुपमा आँफ र लिचीहरु लागएको छ। त्यसतै खास गरि किसानहरुले बारि वरिपरि रहर दाल लागउने गरेको छ। त्यसैगरि पालिकाको पूर्व तिर लाल वकैया नदि रहेको छ। यो नदि नदी प्रमुख नदीको रूपमा रहेको छ। यो नदी वर्षा याममा बाढीको उच्च जोखिमयुक्त क्षेत्र हो, जसले प्रत्येक वर्ष ३० देखि ४० प्रतिशत अनुमानित रुपले धनजनको क्षति पुऱ्याउने गरेको छ।

## १.२.४ स्वास्थ्य

यो पालिकामा स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य चौकी वडागत रुपमा रहेको छ भने जसले निरन्तर रुपमा सेवा प्रदान गरिरहेको छ। नागरिकहरुले साधारण उपचारहरु यी वडागत रुपमा रहेको स्वास्थ्य संस्थाहरुबाट पाउने गर्दछ भने सघंण उपचारको लागि प्रमुख रुपमा गौर र विरगंज जाने गरेकोछ।



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

CamScanner

## १.३. पालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा विविध भौगोलिक विशेषता भएको लोकतान्त्रिक गणतन्त्र हो, जसको शिक्षा प्रणालीमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनहरूले प्रभाव पार्दै आएको छ। २०६३ सालको राजनीतिक परिवर्तनपछि शिक्षामा सुधारका विभिन्न पहलहरू भए तापनि अझै धेरै चुनौतीहरू रहेका छन् । नेपालमा अनिवार्य र निःशुल्क प्रारम्भिक शिक्षा, गुणस्तरीय, दिगो र व्यावसायिक शिक्षा, तथा आधुनिक वैज्ञानिक शिक्षाको आवश्यकतामा विशेष जोड दिइएको छ। बढ्दो बेरोजगारीलाई ध्यानमा राख्दै आत्मनिर्भर नागरिक तयार गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । साथै, यहाँका विभिन्न भाषा, लिपि, संस्कृति, र परम्पराहरूको संरक्षण गर्दै समावेशी र समतामूलक शिक्षाको प्रवर्द्धन गर्नुपर्छ। शिक्षा प्रणालीले समाजलाई आधुनिक विश्वसँग जोड्न, विश्वव्यापी प्रतिस्पर्धामा सक्षम बनाउने वातावरण सिर्जना गर्न, र अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान स्थापित गर्न योगदान पुर्याउनुपर्छ । शिक्षाले नागरिकलाई सामाजिक, आर्थिक, र सांस्कृतिक रूपमा परिपक्व बनाउँदै सहिष्णुता, भाइचारा, तथा सहयोगको भावना विकास गराउनु आवश्यक छ ।

### १.३.२ नितिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यमिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई प्रत्यायोजन गरिएको छ। यस अनुरुप यमुना माई गाँउपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ। संघिय सरकारको ले बनाएको आवधिक योजना १६ औ, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो। तथापि, यमुना माई गाँउपालिकामा विद्यालय शिक्षा क्षेत्रमा क्रमिक सुधार भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्यार्थीहरुको सिकाई स्तरमा केही उपलव्धीहरु भएकै हो । अतः स्थानीय सरकारले शिक्षा विकासका सम्भवनाहरु पहिचान तथा आवशयक स्रोत व्यवस्थापन गरि भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारहरुमा आवश्यक जोड दिनु पर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, यमुना माई गाँउपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन् । विशेष गरी, स्रोत केन्द्रहरूको विघटन पछि स्थानिय तहमा शिक्षा शाखाको व्यवस्थापन भए पनि प्रभावकारी अनुगमण तथा सहयोग नभएकोले शिक्षण तथा विद्यालय व्यवस्थापन तथा शुशासन पद्धती विकास गरि शिक्षक मेन्टरिग जस्ता पेशागत विकासको अवसरहरुको कमी महसुस गरिएको छ । विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, यमुना माई गाँउपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै यमुना माई गाँउपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच,



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि बिद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

### १.३.३ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

### १.३.४ यमुना माई गाउँपालिकाको शैक्षिक विवरण

यमुना माई गाउँपालिकामा जम्मा १७ वटा विद्यालयहरु त्यसमा बालविकास २३ वटा सबै किसिमका विद्यालयहरुमा रहेका छन् भने ८ वटा सामुदायिक विद्यालय रहेका छन्। त्यसमा २ वटा १-५ कक्षा, १ वटा १-८ कक्षा, १ वटा ९-१- कक्षा र ११-१२ कक्षाको विद्यालय ४ रहेका छन् र १३ वटा संस्थागत विद्यालयहरु रहेका छन्।

तालिका न. ५ तहगत विद्यालय विवरण

| तह | कक्षा | विद्यालयसंख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा/धार्मिक विद्यालय |
| आधारभुत तह | कक्षा १-५ | २ | ४ | ६ |
| | कक्षा १-८ | १ | ४ | ० |
| माध्यमिक तह | कक्षा १-१० | २ | ० | ० |
| | कक्षा १-१२ | ४ | ० | ० |
| बालविकासकेन्द्र | | १७ | ५ | ० |
| सिकाइकेन्द्र | | ३ | ० | ० |
| स्रोत :यमुना माई गाँउपालिका, शिक्षा शाखा, २०८१ | | | | |

तालिका न .६ तहगत विद्यार्थी संख्या र भर्ना प्रवृती

| क्र.स. | विद्यार्थी विवरण (Stusents details) | १-५ कक्षा | | | ६-८ कक्षा | | | ९-१० कक्षा | | | ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिंग | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सबै प्रकारका बिद्यालयमा कक्षागत बिद्यार्थी सङ्ख्या | २५७४ | ३१६३ | ५७३७ | १३२४ | १४५५ | २७७९ | ४८१ | ५८१ | १०६२ | २७३ | २२१ | ४९४ |
| २ | सामुदायिक विद्यालयमा कक्षागत जम्मा विद्यार्थी सङ्ख्या | २२५८ | २३६० | ४६१८ | ११०७ | ११२१ | २२२८ | ४८१ | ५८० | १०६१ | २७३ | २२१ | ४९४ |
| ३ | सबै प्रकारका बिद्यालयमा कक्षागत दलित बिद्यार्थी सङ्ख्या | २८८ | ३२५ | ६१३ | २१३ | २०८ | ४२१ | ७७ | ६४ | १४१ | ३९ | १५ | ५४ |



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सहकठा, रौतहट

CamScanner

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ३५२ | ३६८ | ७२० | २१४ | २०६ | ४२० | ७७ | ६४ | १४१ | ३९ | १५ | ५४ |
| ५ | सबै प्रकारका बिद्यालयमा कक्षागत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ६ | १२ | १८ | १ | ४ | ५ | २ | १ | ३ | ३ | १ | ४ |
| ६ | सामुदायिक बिद्यालयमा कक्षागत र अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ६ | १२ | १८ | १ | ४ | ५ | २ | १ | ३ | ० | ० | ० |
| ७ | सबै प्रकारका बिद्यालयमा कक्षागत र २२ जनजाती बिद्यार्थी सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः शिक्षा शाखा, EMIS २०८१

उपलब्ध तथ्याङ्कहरूको विश्लेषण गर्दा प्रस्तुत तालिकाले विद्यालयमा विभिन्न कक्षा समूहमा (१-५, ६-८, ९-१०, र ११-१२) विद्यार्थीहरूको विस्तृत विवरण देखाउँछ। यसमा लिङ्गका आधारमा छात्र र छात्राको सङ्ख्या, कुल सङ्ख्या, तथा विभिन्न वर्गका विद्यार्थीहरूको सङ्ख्या समावेश छ। पहिलो बुँदामा, सबै प्रकारका विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्या देखाइएको छ। कक्षा १-५ मा कुल ५०३५३ विद्यार्थी छन्, जसमध्ये २५५१४ छात्र र २४८३९ छात्रा छन्। कक्षा ६-८ मा कुल २६००७ विद्यार्थी छन्, जसमा १३४५५ छात्र र १२५५२ छात्रा छन्। त्यसैगरी, कक्षा ९-१० मा कुल १५०६९ विद्यार्थी छन्, जसमा ८५८५ छात्र र ६४८४ छात्रा छन्, र कक्षा ११-१२ मा कुल ४१४४ विद्यार्थी छन्, जसमा २३३३ छात्र र १८११ छात्रा छन्। दोस्रो बुँदामा सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या उल्लेख छ, जुन समग्रमा पहिलो बुँदाको नजिकै देखिन्छ। तेस्रो र चौथो बुँदाले दलित विद्यार्थीहरूको सङ्ख्या देखाउँछ। तेस्रो बुँदामा सबै प्रकारका विद्यालयमा भर्ना भएका दलित विद्यार्थीहरू र चौथो बुँदामा सामुदायिक विद्यालयमा भर्ना भएका दलित विद्यार्थीहरूको सङ्ख्या प्रस्तुत गरिएको छ। उदाहरणका लागि, कक्षा १-५ मा सबै प्रकारका विद्यालयमा कुल ५९३ दलित विद्यार्थी छन्, जसमध्ये २७२ छात्र र ३२१ छात्रा छन्। पाँचौँ र छैटौँ बुँदामा अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या दिइएको छ। सबै प्रकारका विद्यालयमा र सामुदायिक विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या उल्लेख छ। कक्षा १-५ मा सबै प्रकारका विद्यालयमा कुल १८ अपाङ्गता भएका विद्यार्थी छन्, जसमा ६ छात्र र १२ छात्रा छन्।

अन्तिम दुई बुँदा (७ र ८) मा २२ जनजाति विद्यार्थीहरूको सङ्ख्या उल्लेख छ, तर सबै कक्षा समूहमा छात्र, छात्रा र जम्मा सङ्ख्या '०' देखाइएको छ, जसको अर्थ यो समूहका विद्यार्थीहरूको तथ्याङ्क उपलब्ध छैन वा तिनीहरूको सङ्ख्या शून्य छ।

तालिका न. ७ शिक्षक संख्या र प्रवृती

| तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| पूर्व प्र.बि. बा.बि.के. | ० | १७ | १७ |
| आधारभूत (१-५) | ३६ | २२ | ५८ |



महमद सउद

| | | | |
|---|---|---|---|
| आधारभूत (६-८) | १७ | २ | १९ |
| माध्यमिक (९-१०) | १२ | १ | १३ |
| माध्यमिक(११-१२) | २ | ० | २ |

स्रोत:- शिक्षा शाखा, EMIS 2081

तालिका न. ८ यमुना माई गाँउपालिकाको साक्षरता विवरण

| क्र.स. | उमेर | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७२ | |
| २ | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ८०.७ | |
| ३ | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७६.१ | |
| ४ | १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | ०.९ | |

स्रोत: जनगणना २०७८

### १.३.५ शिक्षा क्षेत्रको योजना

विद्यालय क्षेत्र विकास योजना (SSDP) को पहिलो पाँचवर्षे कार्यान्वयन अवधि (वि.सं. २०७३-२०७८) शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन र सक्षमता अभिवृद्धि गर्ने लक्ष्यका साथ सम्पन्न भयो। यस अवधिमा संघीय संरचनाको कार्यान्वयन भएसँगै आधारभूत तथा माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारमा हस्तान्तरण गरियो। योजनाको सकारात्मक पक्षका रूपमा विद्यार्थी भर्ना दर र कक्षा ८ सम्मको टिकाइ दरमा उल्लेखनीय सुधार देखियो। यद्यपि, कक्षा १० र १२ मा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न भने कठिनाइ रह्यो।

विद्यालय क्षेत्र विकास योजना (SSDP) को समाप्ती पछि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) (सन् २०२२ देखि २०३२) का लागि निर्माण गरि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम र समावेशी शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिए पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि हुन सकिरहेको छैन। संघीय संरचनाको संक्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा थप चुनौतीहरू सिर्जना गर्‍यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन तीन तहका सरकारहरू (संघ, प्रदेश, र स्थानीय) बीचको जिम्मेवारीको स्पष्ट विभाजन, सशक्त अनुगमन प्रणाली, र शिक्षक सहायता प्रणालीको सुदृढीकरण अपरिहार्य देखियो।

अतः, शिक्षा क्षेत्रमा दिगो सुधार र अपेक्षित उपलब्धि हासिल गर्नका लागि स्थानीय सरकार, शिक्षक र समुदायको भूमिकालाई संविधान २०७२ ले प्रदान गरेको शिक्षाको अधिकार अनुरूप थप सशक्त र प्रभावकारी लागु गराउनुपर्ने आवश्यकता महसुस भएको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै भविष्यका लागि शिक्षा क्षेत्रको विस्तृत र व्यावहारिक योजना तर्जुमा गर्नु अनिवार्य भएको छ ।

### १.३.६ दिगो विकासका लक्ष्य र यमुना माई गाँउपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइ सकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
रौतहट

प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्यढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्यढाँचाले नेपालको संविधान अनुसार अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको जिम्मेवारीलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार यमुना माई  गाँउपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न बाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, गाँउपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाइ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधारवर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्कअनुसार, अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औंल्याएको छ। यस सन्दर्भमा, यमुना माई  गाँउपालिकाले  दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रुपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार, विद्यालय भर्ना दर र शिक्षामा टिकाइ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षासम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोत साधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत समुदायका बालबालिकाहरूको समावेशीकरण –अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने। दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने। त्यसै गरि नेपालको SDG लक्ष्य ४ अनुरूप यमुना माई गाँउपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानूनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन लक्ष्य लिएको छ । गाँउपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नु पर्ने, प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नु पर्ने भएकोले यो गाँउपालिका शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पार्न वान्छिनिय भएको छ।

## १.४ यमुना माई  गाँउपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु

१. भौतिक संरचना बालमैत्री, लैंगिक मैत्री,अपांग मैत्री बनाउन यथेष्ट कार्य हुन सकेको छैन ।
२. करिव १-१२ कक्षामा विधालय वाहिर रहेका बालबालिका शिक्षाको पहुँचमा ल्याउन नसक्नु ।
३. विद्यालय भर्ना भएका बालबालिकाको सिकाई उपलब्धि न्यून र १- १० कक्षासम्म पुगने दर ८६.७ प्रतिशत मात्र रहेकोले सिकाई उपलब्धि र टिकाउदर बढाउने कार्यक्रम ल्याउन नसकिएको ।
४. अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५, दिगो बिकास लक्ष्य, शिक्षा क्षेत्र योजनाको, पन्ध्रौं योजनाको मर्म र भावना अनुसार विधालयलाई प्रबिधि मैत्रीबनाई कोभिड-१९ जस्ता महामारीमा पनि शिक्षण सिकाईलाई संचालन गर्न भौतिक उपस्थितिको विकल्पको खोजि हुन् नसकेको ।
५. अन्तराष्ट्रिय मापदण्ड अनुसार शिक्षाका लागि कुल बजेको २० प्रतिशत बिनियोजन गर्नु पर्ने भएता पनि संघ र स्थानीय तहमा पनि आवशयक बजेट विनियोजन हुन् सकेको छैन ।
६. शिक्षकको पेशागत विकासका लागि शानिया तहमा भरपर्दो संयन्त्रको विकास गर्न नसकिनु ।
७. विद्यार्थीहरूको शिक्षण सहयोगका लागि थप प्रोत्साहनका कार्यक्रम हुन नसकेको ।



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
मरुवठा, रौतहट

CamScanner

८. विद्यार्थी अनुसारको शिक्षक अनुपात व्यवस्थापन हुन नसकेको ।
९. भौतिक पूर्वाधारहरु राष्ट्रिय मापदण्ड २०८० अनुसारको नभएको ।
१०. स्थानिय पाठ्यक्रम बनाई लागु गर्न नसकेको ।
११. विद्यालय भन्दा बाहिर रहेको विद्यालय उमेर समूहको वालवालिकालाई औपचारिक शिक्षामा सामेवश गर्न चुनौति रहेको ।
१२. निरक्षर नागरिकलाई साक्षर वनाउनका लागि सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विस्तार र संचालन प्रभावकारी हुन नसकेको ।
१३. सीप मुलक तालिम र जीवनउपयोगी शिक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकेको ।
१४. विद्यालयको शैक्षिक तथ्यांक व्यवस्थापन हुन नसकेको ।
१५. विद्यालय शिक्षामा सुशासन र पारदर्शिता हुन नसकेको ।
१६. बालविकासलाई मापदण्ड अनुसारको वनाउन नसकिनु ।
१७. औनपचारिक शिकासँग सम्वन्धित राष्ट्रिय सक्षमता प्रारुप लागु गर्न नसक्केको ।
१८. निरक्षर नगारीकलाई साक्षर वनाउन र पालिका नै साक्षर घोषण गर्न नसक्नु ।

## १.५. यमुना माई गाँउपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु

१. गाँउपालिकामा शिक्षक दरबन्दी न्यून रहेका बिधालयमा शिक्षक-विधार्थी अनुपात समायोजन गर्न नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको,
२. बालाबिकासा सहजकर्ताका लागि क्षमता बिकास गर्न प्रेत्यक बर्ष दिनको क्षमता बिकास कार्यशाला संचालन,
३. मा.बि.का प्रेत्यक बालबालिकाको सिकाईउपलब्धि न्यून रहेका बिधार्थिका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिएको।
४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको।
५. शिक्षण सिकाईमा प्राविधिक सहायो गर्न नगरस्तरमा एउटा बिज्ञं समूह गठन गरिएको,
६. मा.बि.बिधालयमा ICT र Sciencelab को व्यवस्था भएको र कम्प्युटर सिक्न चाहने बिधार्थी शिक्षक र अभिभावकलाई समेत अवसर प्रदान,
७. प्रत्येक बिधालयको बिधालय सुशासन, आर्थिक पारदर्शिता कायम गर्न लेखा परीक्षण, सामाजिक परिक्षण, IEMIS अध्यावधिक आदि कार्यलाई प्रभावकारी बनाईएको,
८. नगर प्रमुख, शिक्षा शाखा, र विज्ञसहितको टोली बनाई joint monitoring गर्ने कार्यको को प्रारम्भ भएको,
९. प्रत्येक महिना प्रा.अ बैठक गर्ने र बिधालयमा स्ताफा बैठकलाई निरन्तरता दिएको,
१०. स्थानीय तहको सामाजिक सांस्कृतिक भौगोलिक अवस्थालाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्न समिति गठन ।

## १.६. यमुना माई गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस पालिका शिक्षा क्षेत्र योजना विशेष गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरुप पश्चात वि.स.२०८१ को भदौ महिनाबाट यो योजनाको शुरुवात भएको हो । योजना निर्माणको क्रममा स्थानिय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरु योजना सम्वन्धी अभिमुखि करण गरि प्रक्रिया अनुरुप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति बनाई मस्यौदा लेखन कार्य अगाडी वढाए र विभिन्न सरोकारवलाहरु सुझाव भएपछि तयार गरिएको नगर शिक्षाको मस्यौदा हो । यसको आधारमा स्थानिय तहका योजना निर्माण गर्ने क्रममा गाँउपालिकाले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ । विद्यालय शिक्षा क्षेत्रको योजना गर्न अपनाएको प्रक्रियाहरु :–

१. स्थानीय तहको बैठक
२. योजना निर्माण समिति गठन



महमद सउद

३. शिक्षा क्षेत्रको विश्लेषण
४. सरोकारी निकायसँग छलफल
५. विद्यालयस्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. सरोकारवालासँग सुझाव समायोजन
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्धरा योजनाको लेखाजोखा र सूझाव संमायोजन
१०. योजना स्वीकृति तथा कार्यान्वयन

### १.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा

यो नगर शिक्षा योजनाको त्यारीका लागि स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संस्करण २०८१ अनुरुप, स्थानिय तहका सरोकारवला निकायहरुलाई योजना बारे अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्यि योजना तर्जुमा समिति र ५ मस्यौदा लेख्न समिति चयन गरिएको थियो। त्यसमा अवशयकता अनुसार अन्य उपसमिति तथा सरोकारवलाहरुसँग छलफल गरिएको थियो। जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समिक्षा गरिएको थियो।

१. बालविकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यमिक शिक्षा
४. पाठ्यक्रम तथा मूल्याङ्कन
५. शिक्षक व्यस्थापन तथा विकास
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७. समता र समावेशीकरण
८. दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
९. आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
१०. शिक्षामा सूचना र प्रविधि
११. सुशासन तथा व्यवस्थापन
१२. अनुगमन तथा मूल्याङ्कन

यसरी समिक्षा तथा अध्ययन पशचात पहिलो मस्यौदा त्यारका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको छ। यसलाई सरोकारवालाहरुको सुझाव संकलन र समावेश गरि अन्तिम मस्यौदा त्यार पारिने छ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

यो नगर शिक्षा तयारिका लागि स्थानिय विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संसकरण २०८१ को निर्देशित प्रक्रिया अनुसार, सुरुमा कार्याक्रमको अभिमुखिकरण र तयसका लागि निम्न समिति र उपसमितिहरु निर्माण गरिएको थियो।

१. शिक्षा योजना तर्जुमा समिति
२. मस्यौदा लेखन समिति वा कार्यदल

यस लागायत आवशयकता अनुसारको सूचना सकंलनका लागि उपसमितिहरु, प्रधानाध्यपकहरुसँग छलफल आदि गरिएको थियो।



महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

CamScanner

### १.६.२ योजनाको पहिलो मस्यौदा विकास

यो गाँउपालिकाको शिक्षा योजना निर्माणका लागि गठित शिक्षा योजना तर्जुमा समिति र मस्यौदा लेखन कार्यदलका सदस्यहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको प्रयोग गरी शिक्षा सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरेका छन्। यस क्रममा उनीहरूले शिक्षाका सूचकहरूको अध्ययन गर्दै पहिलो मस्यौदा तयार गर्ने कार्य अघि बढाएका छन्। शिक्षा योजना लेखन कार्यशालामा सहभागी भई मस्यौदा निर्माण सम्पन्न गरिएको छ। अब यस मस्यौदामाथि सरोकारवालाहरूबाट सुझाव संकलन, आवश्यक समायोजन, बाह्य योजनासँगको तुलनात्मक विश्लेषण तथा समायोजनका प्रक्रिया पूरा गरी अन्ततः स्वीकृति प्रदान गर्दै कार्यान्वयनमा ल्याइने अपेक्षा गाँउपालिकाले गरेको छ।

# परिच्छेदः दुई
# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

यमुना माई गाँउपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ । यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणबाट नगरवासीको समृद्धिका लागि लागि यहाँको शिक्षा क्षेत्रको समग्र विकास अत्यावश्यक छ। यसै सन्दर्भमा, यमुना माई गाँउपालिकाले आगामी ५ वर्षका स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी र दिगो बनाउन रणनीतिक मार्गनिर्देशन प्रदान गर्नेछ। यसले संविधानको मर्मअनुरूप अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि गर्नुपर्ने उपलब्धिहरु समेटनका लागि यो विद्यालय शिक्षामा दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (Objectives) जस्ता सूचकहरुको स्पष्ट रूपमा परिभाषित गरेको छ ।

## २.२ दूरदृष्टि

शिक्षालाई सामाजिक-आर्थिक विकास, पूर्वाधार निर्माण, वातावरणीय दिगोपन र उन्नत कृषि विकासको आधार बनाई समृद्ध र समुन्नत समाज निर्माण गर्नु

## २.३ लक्ष्य

सबै विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको साधारण तथा प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.४ प्रमुख उद्देश्यहरु :

यस यमुना माई गाँउपालिकाले ५ वर्षको विद्यालय शिक्षा योजनाका लागि निम्न लिखित उदेश्यहरु निर्धारण गरेको छः

१. अनिवार्य तथा निःशुल्क शिक्षामा सबै बालवलिकाको पहुँच सुनिश्चित गर्ने ।
२. विद्यालय जाने उमेर समुहका अति सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका वालवलिकाको समतामुल्क सहभागिता तथा सहज शिक्षामा पहुँच वृद्दि गर्नु ।
३. प्रारम्भिक बालविकास शिक्षा, आधारभूततह, माध्यमिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चतगर्नु ।
४. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण तयारसँगै आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु ।
५. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु ,
६. शिक्षकहरूको पेशागत विकासमा सहयोग गरि नतिजामुल्क कार्यसम्पादन मुल्याकंन प्रणालीको विकास गरिने ।
७. नगरलाई साक्षर नगरको रुपमा घोषणा गर्ने ।

## २.५. रणनीतिहरु :

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखत रणनितिहरु तय गरीएको छ।

१. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको सुनिश्चित गर्ने ।
२. गुणस्तरीय शिक्षा सुनिश्चित गर्न दक्ष जनशक्ति तथा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
३. विद्यालयमा निर्माण हुने सबै प्रकारका भौतिक संरचनाहरु बालमैत्री, प्रविधि मैत्री तथा विद्यालय भौतिक निर्माण राष्ट्रिय मापदण्ड २०८० अनुरुपको बनाउने ।
४. वैकल्पिक सिकाईको माध्यमबाट ज्ञान सीप तथा आयआर्जन कार्यक्रमसँग आबद्ध गराउने र विद्यालयमा भर्ना हुन प्रोत्साहन गर्ने ।
५. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि सुधार योजना निर्माण गरी कार्यान्यन गर्ने ।
६. शिक्षणलाई प्रभावकारी बनाउनका लागि मागमा आधारित तालिमको व्यवस्थापन गर्ने ।
७. प्राविधिक शिक्षा का माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने गर्ने ।
८. नगरलाई पूर्ण साक्षरको रुपमा घोषणा गर्ने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।
३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. माध्यमिक विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गर्नेछन् ।
५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुनेछ ।
६. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार, मनोसामाजिक क्षमता अभिवृद्धि, र सिकाइ उपलब्धिमा वृद्धि गर्दै सुरक्षित, आकर्षक, र समावेशी सिकाइ वातावरणमा उनीहरूको पूर्ण पहुँच र सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
७. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयनमा नतिजामुखी प्रणाली स्थापित हुनेछ ।
८. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।
९. विद्यालय तहको शिक्षा अनिवार्य र निशुल्क रुपमा व्यवस्थापन भई हरेक वालवालिकाको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
१०.आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
११.सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।
१२.विद्यालय वाहिर रहेका वालवलिकालाई विद्यालयमा आई र विद्यालयमा निरन्तर कक्षामा सहभागी भएको हुने छ ।
१३. नगर साक्षर नगरको रुपमा घोषणा भएको हुने छ ।

## २.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण

यमुना माई गाँउपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (वि.स २०८१ देखि २०८५) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छः

| सूचकहरु को क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | |
|---|---|---|---|---|---|---|
| | | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 |
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ९४ | ९४ | ९४ | ९३ | ९३ |
| १.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ७८ | ७९ | ८० | ८० | ८१ |
| **२** | **आधारभूत शिक्षा (कक्षा १ – ८) कक्षा** | | | | | |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | ९८ | १०१ | १०३ | १०५ | १०७ |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ४५ | ४८ | ५१ | ५४ | ५८ |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १३६ | १३८ | १४० | १४२ | १४५ |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९३ | ९८ | १०४ | १०९ | ११५ |
| २.५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | २०६ | २११ | २११ | २१६ | २२१ |
| २.६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ५६ | ६४ | ६४ | ७४ | ८५ |
| २.७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | ९७ | ९७ | ९८ | ९८ | ९९ |
| २.८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | ८३ | ८३ | ८४ | ८५ | ८६ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ४३ | ३४ | ३४ | २६ | २१ |
| २.१ | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | १२७ | १२५ | १२५ | १२८ | १३० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८५ | ८६ | ८८ | ९६ | १०२ |
| २.१३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | ८० | ८१ | ८२ | ८३ | ८४ |
| २.१४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | ७० | ७१ | ७३ | ७४ | ७६ |
| २.१५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| २.१९ | *आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)* | -१७ | -१० | -१० | -६ | -४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | -२१ | -२३ | -२२ | -२५ | -२७ |
| २.२० | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ५९ | ५९ | ५९ | ५९ | ६० |
| २.२१ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ६७ | ६७ | ६७ | ६७ | ६७ |
| २.२२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २९ | २९ | २९ | २९ | २९ |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ५८ | ६६ | ६९ | ७६ | ८२ |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २९ | ३५ | ३९ | ४८ | ५६ |
| ३.३ | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| ३.४ | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | ७९ | ९२ | १०७ | १२५ | १४६ |
| ३.५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | ८७ | ८९ | ९२ | ९४ | ९७ |
| **३.६** | *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | ११४ | १२३ | १२३ | १३४ | १४५ |
| **३.७** | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १९ | २० | २० | २१ | २२ |
| ३.८ | जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी सङ्ख्या | ३ | ४ | ४ | ५ | ६ |
| | सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९-१२ मा बिज्ञान बिषयमाभर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत | ५ | ६ | ६ | ७ | ८ |
| ४ | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | |
| **४.१** | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७२ | ७४ | ७५ | ७७ | ७९ |
| **४.२** | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ८१ | ८३ | ८५ | ८८ | ९० |
| **४.३** | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७६ | ७६ | ७६ | ७६ | ७६ |
| **४.४** | १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | १ | १ | १ | १ | १ |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | | | | | |
| ६ | **सुशासन तथा व्यवस्थापन** | | | | | |
| | **सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):-** | | | | | |
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | ५४ | ५७ | ५९ | ६२ | ६६ |
| ६.२ | आधारभूततह (कक्षा १-५) | ८० | ९१ | १०३ | ११८ | १३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.३ | आधारभूततह  (कक्षा ६-८) | ११७ | १२० | १२३ | १२६ | १२९ |
| ६.४ | आधारभूत (कक्षा १-८) | १११ | १२२ | १३४ | १४७ | १६२ |
| ६.५ | माध्यमिकतह  (कक्षा ९-१०) | ८२ | ८५ | ८९ | ९३ | ९७ |
| ६.६ | माध्यमिकतह  (कक्षा ११-१२) | २४७ | २६१ | २७५ | २९० | ३०६ |
| ६.७ | माध्यमिक बिद्यालय  (कक्षा ९-१२) | १०४ | १०९ | ११४ | १२० | १२६ |
| ७ | **शिक्षामा लगानी** | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | | | | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | | |

# परिच्छेद: तिन
# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.परिचय

यमुना माई  गाँउपालिकाले विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२५–२०२९ सम्मका लागि पाँच वर्षीय योजना तयार गरेको छ । जहाँ विद्यालय शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति पहिचान गर्दै प्रमुख क्रियाकलापहरू र लागत अनुमान समेत गरि प्रस्तुत गर्ने प्रयास गरएको छ । यस योजनामा विशेष गरि बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । साथै, योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्दै तिनलाई सम्बोधन गर्ने उद्देश्य, रणनीति तथा लक्ष्यहरू निर्धारण गरिएका छन् । अतः यमुना माई गाँउपालिकाले विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार गर्दै गुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षामा समान पहुँच, तथा दिगो विकास सुनिश्चित गर्ने लक्ष्यका साथ यो योजनाहरु तर्जुमा गरि त्यसलाई कार्यान्वयनको दिशामा अगाडि बढने अठोट राखेको छ ।

## ३.१.प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

समान्यतया ४ वर्ष उमेर भन्दा मुनिका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संबेगात्मक र सामाजिक विकासको समग्ररुपमा विकास बाल विकास हो । यस उमेरमा बालबालिकामा स्वस्थकर बानीको विकास, सुरक्षाका उपाय अवलम्बन गर्ने क्षमताको बिकास, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार र सीपको विकास गराउन दिइने शैक्षिक अवसर वा शिक्षा नै बालशिक्षा हो ।प्रारम्भीक बाल विकास र शिक्षाको पाठ्यक्रम उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको छ । फलस्वरूप सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको पनि प्रदेश स्तरमा होस या नगरस्तर गणितीय सिपको उपलब्धी न्यून देखिन्छ । त्यसैले प्रारम्भिक तहका सिकाई मापदण्डको प्रयोग गरि बालबालिकाको शारीरिक, संवेगात्मक, सांस्कृतिक, भाषिक, सामाजिक तथा संज्ञानात्मक पक्षको विकासको मापन गर्न जरुरी छ ।

### ३.१.२.वर्तमान अवस्था

यमुना माई गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षा (ECED) को अवस्था मिश्रित प्रगतिका साथ अघि बढिरहेको देखिन्छ। गाउँपालिकाका ECED केन्द्र/कक्षाहरूमध्ये करिब ७५% ले तोकिएका न्यूनतम सक्षमताका मापदण्डहरू पूरा गरेका छन्, जुन पूर्वाधार विकास र व्यवस्थापकीय सुधारका लागि सकारात्मक सूचक हो। यद्यपि, सिकाइ सामग्रीको उपलब्धतामा भने चुनौती कायम छ, किनकि गाउँपालिकाका ECED मा अध्ययनरत बालबालिकाहरूमध्ये ५३% ले मात्र आवश्यक सिकाइ सामग्रीको सेट प्राप्त गर्न सकेका छन्। यसले गुणस्तरीय सिकाइ अनुभवका लागि स्रोतसाधनको समान वितरण र उपलब्धतामा थप ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

शिक्षकहरूको क्षमता विकासमा पनि निरन्तर लगानी आवश्यक छ। गाउँपालिकामा कार्यरत ४७% ECED शिक्षक/शिक्षिकाहरूले मात्र कम्तिमा १५ दिने तालिम लिएका छन्। यसबाट बाँकी शिक्षकहरूलाई तालिमको दायरामा ल्याई उनीहरूको शिक्षण क्षमता अभिवृद्धि गर्नुपर्ने स्पष्ट हुन्छ, जसले बालबालिकाको सिकाइ गुणस्तरमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्नेछ।

भर्ना दरका हिसाबले, यमुना माई गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर ६६.८% र कुल भर्ना दर ९४.५% रहनुले गाउँपालिकामा प्रारम्भिक शिक्षामा बालबालिकाको पहुँच व्यापक रहेको देखाउँछ। यो गाउँपालिकाको शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धि मान्न सकिन्छ। यद्यपि, लैङ्गिक समता सूचांकमा (०.६ र ०.७) देखिएका केही असमानताहरूलाई सम्बोधन गर्न थप प्रयास आवश्यक छन् ताकि छात्र र छात्रा दुवैको समान सहभागिता सुनिश्चित होस् । समावेशीकरणको पाटोमा, गाउँपालिकाको ECED मा भर्ना भएका बालबालिकाहरूमध्ये ८.३% दलित बालबालिका र ४.३% कम तथा बढी उमेरका बालबालिका रहेका छन्। यस तथ्याङ्कले सीमान्तकृत र जोखिममा रहेका समूहका बालबालिकालाई ECED कार्यक्रममा समेट्न अझै विशेष पहलहरू आवश्यक रहेको संकेत गर्छ। सकारात्मक पक्षमा, प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको प्रतिशत ७८.४% रहनुले गाउँपालिकाको ECED कार्यक्रमले बालबालिकालाई प्राथमिक शिक्षाका लागि राम्रोसँग तयार पारेको पुष्टि गर्छ। यद्यपि, वालवालिका र सहजकर्ताको अनुपात ५४ रहनुले सहजकर्तामाथि कामको बोझ बढी हुन सक्ने र बालबालिकाले पर्याप्त व्यक्तिगत ध्यान पाउन नसक्ने सम्भावनालाई औंल्याउँछ, जसले सिकाइको गुणस्तरमा असर पुऱ्याउन सक्छ। यस अनुपातलाई घटाउनु आवश्यक देखिन्छ ।

तालिका १० ईसीडीको सूचकहरुको अवस्था

| सूचक विवरण | प्रतिशत |
|---|---|
| ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | ७५ |
| ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ५३ |
| ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ४७ |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६६.८ |
| प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | ९४.५ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.६ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.७ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ८.३ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | ४.३ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७८.४ |
| वालवलिका र सहजकर्ताको अनुपात | ५४ |

### ३.१.३ समस्या तथा चुनौतिहरु

१. केवल ५३% बालबालिकाले मात्र सिकाइ सामग्रीको सेट प्राप्त गरेकाले अन्य बालबालिका गुणस्तरीय सिकाइबाट वञ्चित हुने जोखिम रहेको ।
२. ४७% शिक्षक/शिक्षिकाहरूले मात्र १५ दिने तालिम प्राप्त गर्नु ।
३. बालबालिका र सहजकर्ताको अनुपात ५४ हुनु ।
४. लैङ्गिक समता सूचांक (०.६ र ०.७) ले छात्र र छात्राबीचको भर्ना दरमा केही असमानता देखाउनु।
५. दलित बालबालिका (८.३%) र कम तथा बढी उमेरका बालबालिका (४.३%) को उपस्थिति कम हुनुले समावेशी शिक्षाको पूर्ण प्रत्याभूति हुन नसक्नु।

६. २५% ECED केन्द्र/कक्षाहरूले अझै पनि न्यूनतम सक्षमताका मापदण्डहरू (पूर्वाधार, व्यवस्थापन आदि) पूरा हुन नसक्नु।
७. भर्ना दर राम्रो भए पनि सिकाइ सामग्रीको कमी, तालिमको अभाव र उच्च अनुपातका कारण बालबालिकाको सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुऱ्याउनु चुनौती।
८. ७८.४ प्रतिशत बालवालिका बालविकास कक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनु ।
९. सबै बालविकास केन्द्रहरुमा बहुभाषिक शिक्षण विधि तथा एकिकृत पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु।
१०. बालवालिकाहरुमा सिकाई स्तर घटनू।
११. २१७ वटा वालविकास केन्द्रहरुमा अडियो भिडियोको सुविधा पुर्याउन नसक्नु।
१२. प्रारम्भिक बालहेरचाह पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिवावकहरुलाई जागृत गराउन नसक्नु।
१३. बालविकासको सिकाई प्रक्रियालाई प्रभावकारी वनाउन वालमैत्री, व्यवाहारिक र प्रविधि मैत्री वनाउनु।
१४. सहजकर्ताको पराश्रमिक वृद्धी गर्नु।
१५. सहजकर्ताको क्षमता विकासको लागि ELDS सम्बन्धी तालिम प्रदान गर्न नसक्नु।
१६. राष्ट्रिय मापदण्ड अनुसार पालिका स्तरिय, एकिकृत बालबिकास योजना बनाई कार्यान्वयन गर्न नसक्नु।
१७. भौतिक पूर्वाधारहरुलाई बालमैत्री र अपाङ्ग मैत्री सहित राष्ट्रिय मादणड अनुसारको निर्माण तथा सवलिकरण गर्न नसक्नु।
१८. सवै विद्यालयमा वालवलिकाको सर्वागिंन विकासका लागि अतरिक्त क्रियाकलापको व्यवस्थापन हुन नसक्नु।

### ३.१.४ उदेश्यहरु

यस पालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ

१. ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा समान पहुँच सुनिश्चत गरिने छ।
२. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम सक्षमता मापदण्ड अनुसारको गुणस्तरीय र एकिकृत बालबिकास योजना बनाई लागु गराईनेछ।
३. वालवालिका अनुपात अनुसार तालिम प्राप्त सहजकर्ताको व्यवस्थापन गरिने छ।
४. वालमैत्री भौतिक पूर्वाधार तथा शिक्षण सिकाई व्यवस्थापन हुने छ ।
५. वालवालिकाहरुको सिकाई स्तर वृद्धिका लागि कार्यक्रम संचालन गरिने।
६. शिक्षणमा बहुभाषीक शिक्षण विधि र एकिकृत पाठ्यक्रम अनुसारको प्रभावकारी कक्षा शिक्षणका लागि सहजकर्ताहरुलाई तालिम दिईने छ।
७. भर्ना अभियान मार्फत विद्यालय बाहिर रहेको दलित तथा अन्यस सिमान्तकृत समुदायका वालवलिकालाई विद्यालयमा भर्ना गराईने छ।
८. बालवलिकाहरुको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन सहजकर्ताहरुलाई मनौसमाजिक तथा स्यार तालिम दिईने छ।
९. विद्यालयको सरसफाइ तथा सुरक्षित खानेपानीलाई सवलिकरण गरिने छ।
१०. कक्षा शिक्षणलाई समावेशी वनाउनका लागि वालवलिकाको अपाङ्गता पहिचान गरि विषेश कक्षा शिक्षणको व्यवस्था मिलाईने छ।

### ३.१.५ रणनीति

योजनाका उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेछ।

१. अति सिमान्तकृ समुदायका बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याउन भर्ना अभियानसँगै अतरिक्त सचेतना सम्वन्धी क्रियाकलाप संचालन गर्ने।
२. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिको सर्वेक्षण गरी तोकिएको मापदणड अनुसार विकास तथा सवलिकरण गर्ने।
३. सबै सहजकर्ताहरुका क्षमता अभिवृद्धिका लागि वहुभाषीक शिक्षण विधि तथा एकिकृत पाठ्यक्रमको तालिम सञ्चालन गर्ने।
४. वालवलिकाहरुको शिकाई स्तर वृद्धिका लागि प्रविधिमैत्री, खेल-आधारित र व्यवहारिक शिक्षण विधि अपनाउने।
५. दलित, सिमान्तकृत तथा विद्यालय बाहिरका बालबालिकालाई विद्यालयमा ल्याउन अभियान सञ्चालन गर्ने।
६. सहजकर्तालाई मानसिक स्वास्थ्य, पोषण, र बाल स्याहार तालिम दिने।
७. अपाङ्गता भएका बालबालिकाको पहिचान गरी विशेष कक्षा शिक्षणको व्यवस्था।
८. भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउने।
९. सबै बालबालिका पहुच  पुग्ने गरी खानेपानी शौचालय ,सिकाई सामाग्री राष्ट्रिय मापदण्ड उल्लेखित सुविधाहरु उपलब्ध गराउने।
१०. दिवा खजा तथा स्वास्थ्य चेकजाँचलाई नियमित तथा व्यवस्थित वनाई वालवलिकाको कक्षा निरन्तर्तालाई टेवा पुर्याउने।
११. ELDS  सम्वन्धी तालिम प्रदान गरि सहजकर्ताहरुको क्षमता अभिवृद्धी गर्ने।
१२. नमुना वालविकास केन्द्रको रुपमा विकास गर्ने।
१३. वालविकास केन्द्रको उचित व्यवस्थापन तथा शुसासनका लागि विद्यालय स्तरिय उप समिति र नगर स्तरिय समितिको गठन गरि परिचालन गरिने छ।

**३.१.६ प्रमुख उपलब्धी तथा नतिजाहरु**

**क. उपलब्धी**

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।
२. सवै बालविकास केन्द्रहरु न्यून्तम मापदणड पुरा भएको हुने।
३. शत प्रतिशत वालवालिकाहरु ईसिईडीमा भर्ना भई तयारी साथ कक्षा १ मा भर्ना तथा कक्षामा निरन्तरता भएको हुने छ।
४. दक्ष तालिम प्राप्त सहजकर्ताबाट अध्ययन अध्यापन भएको हुने छ।
५. बालवलिकाको सिकाई स्तर सुधार भएको हुने छ।
६. अपाङ्गता भएका बालबालिकाको पहिचान गरी विशेष कक्षा शिक्षणको व्यवस्था भएको हुने छ।
७. वालविकास केन्द्रहरु पूर्ण रुपमा व्यवस्थित भई शुसासन कायम भएको हुने छ।
८. वालवलिकाहरुमा स्वस्थ वाणीको विकास तथा अनुशासित भएको हुने छ।
९. प्रविधि मैत्री र वालमैत्र भौतिक पूर्वाधारको विकास भई कक्षा शिक्षणमा आधुनिक प्रविधिको प्रयोग भएको हुने छ।
१०. सबै बालबालिका पहुच  पुग्ने गरी खानेपानी शौचालय ,सिकाई सामाग्री राष्ट्रिय मापदण्ड उल्लेखित सुविधाहरु उपलब्ध भएको हुने छ।
११. प्रारम्भिक बालविकास शिक्षामा परिवार, समुदाय, गैरसरकारी संघ-संस्था र निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिने।

१२.वहुभाषिक तथा ELDS मा आधारित तालिम प्राप्त सहजकर्ताहरू परिचालित गरिने।

१३.बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालमैत्री पोसाक र मातृभाषामा आधारित शिक्षण विधि सञ्चालन गरिने।

१४.विद्यालयहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री प्रविधियुक्त पूर्वाधारयुक्त हुने।

१५.वालबालिकाका लागि पोषणयुक्त दिवा खाजालाई अझ व्यवस्थित वनाइने।

१६.कक्षामा भयमुक्त, मनोरञ्जनात्मक र अन्तरक्रियात्मक शिक्षण विधि अपनाइने।

**ख.प्रमुख नतिजाहरु**

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | ६७ | ६८ | ७० | ७१ | ७३ | ७५ |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(%) | ९४ | ९५ | १०० | १०० | १०० | १०० |
| ३ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.६ | ०.७ | ०.८ | १. | १. | १. |
| ४ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.७ | ०.८ | ०.८ | १. | १. | १. |
| ५ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ८.३ | १०. | २०. | २५. | ३०. | ३५. |
| ६ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | ४.३ | ४. | ३. | २. | १. | ०. |
| ७ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | ७९. | ८०. | ८५. | ९०. | ९५. | १००. |

स्रोतः शिक्षा शाखा ,EMIS 2080, toolkit

### ३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शैक्षिक तथ्याकं सकंलन, परिक्षण तथा अभिलेखिकरण | निरन्तर | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्ड अनुसारका कक्षाकोठाको व्यवस्थापन | संख्या | ३ | ३ | ३ | ४ | ४ | १७ | ३४ | संघ, प्रदेश र स्थानीय तह |
| ३ | कक्षाकोठामा बाल शिक्षकले दैनिक कार्यतालिका पोस्टर . साथै, विषयअनुरूपका गीत, कथा, चित्रहरू बालबालिकाले सहजै देख्न सक्ने गरी राखी, पाठ्यक्रम, शिक्षण सहयोगी पुस्तिका, बाल कथा, र उमेर अनुसारका उपयोगी पुस्तकहरूको व्यवस्थापन | संख्या | ३ | ३ | ३ | ४ | ४ | १७ | ३४ | स्थानीय तह |
| ४ | भर्ना अभियान संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय र स्थानिय |
| ५ | अभिवावकको लागी परारम्भिक वाल विकास सम्न्धी सचेतना तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ६ | अपाङ्गता मैत्री शौचालयको निर्माण तथा सवलिकरण | संख्या | ५ | ३ | ३ | ३ | ३ | १७ | ३४ | स्थानीय तह |
| ७ | अपाङ्गता पहिचान तथा विशेष कक्षा शिक्षणको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ८ | बालबिकासको सिकाई स्तर सुधारका लागि अतरिक्त क्रियाकलाप | निरन्तर | | | | | | | | स्थानीय तह |
| ९ | सहजकर्ताहरुलाई ELDS कार्ड सम्वन्धि तालिम तथा क्षमता अभिवृद्धी | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | स्थानीय तह |
| १० | वालविकास केन्द्रहरुमा वाल मैत्री प्रविधियुक्त सिकाई कक्ष व्यवस्थापन | वटा | ५ | ३ | ३ | ३ | ३ | १७ | ३४ | संघ र स्थानीय तह |
| ११ | सहजकर्ताहरुलाई प्राथमिक उपचार, मनौसमाजिक र स्यार तालिम सहित प्राथमिक उपचार वक्सको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १२ | खेलकुद तथा सिकाई समाग्रिहरुको व्यवस्थापन | संख्या | ५ | ३ | ३ | ३ | ३ | १७ | ३४ | स्थानीय तह |
| १३ | पोषणयुक्त दिवा खाजाको व्यवस्थापन | निरन्तर | | | | | | | | स्थानीय तह |
| १४ | विद्यालयमा भय तथा जोखिम रहित वतावरणमा पठनपाठन | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | |
| १५ | वाल विकास कक्षाका शिक्षकहरुको कलस्टर निर्माण र नियमित वैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र स्थानीय तह |
| १६ | हरेक कलस्टरमा उत्कृष्ट सहजकर्तालाई सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र स्थानीय तह |
| १७ | वालविकास केन्द्रहरुको वडागत नक्साकंन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| १८ | नमुना वालविकास केन्द्रको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| १९ | सिकाइ क्रियाकलाप सहजीकरणमा बहुभाषिक विधि तथा एकिकृत पाठ्यक्रमको लागु | निरन्तर | | | | | | | | स्थानीय तह |
| २० | बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीय तह |
| २१ | आपताकलिन समयमा शिक्षाको निरन्तरताका लागि वैकल्पिक व्यवस्थापन | अवशयकता अनुसार | | | | | | | | स्थानीय तहले |
| २२ | वडा स्तरिय वालविकास व्यवस्थापन समिति र विद्यालय स्तरिय उप-समिति गठन र परिचालन | संख्या | ५ | ३ | ३ | ३ | ३ | १७ | ३४ | |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |
| २४ | प्रारम्भिकबालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाकोसहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | निरन्तर | | | | | | | | सघ ,प्रदेश ,स्थानीय तह |
| २६ | सहकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तहघस , |
| २७ | सिमानतकृत समुदायको बालबालिकाको लागि ड्रेस र व्याग तथा अन्य प्रोतसाहनको व्यवस्था | संख्या | २५० | २५० | २५० | २५० | २५० | १२५० | | स्थानीय तह |
| २८ | अनुगमन, सुपरिवेक्षण सहयोग तथा सहजिकरण | निरन्तर | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा नेपालको पछिल्लो परिभाषा अनुसार १ देखी ५ र ६ देखि ८ कक्षाको संरचनामा विकास गरिएको छ । बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, र सामाजिक समायोजनमा सहयोग गर्दछ। नेपालका संविधान २०७२, शिक्षा ऐन, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ ले तथा अन्तर्राष्ट्रिय सन्धिहरूले कक्षा ८ सम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाएको छ, यसको प्रभावकारी कार्यान्वयन संघ, प्रदेश, र स्थानीय सरकारको साझा जिम्मेवारी हो। बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो भने यसको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ । त्यसैले, स्थानीय तहले बालविकास केन्द्रहरूको सञ्चालन, व्यवस्थापन तथा विकासमा अग्रसर भूमिका खेल्न आवश्यक छ । साथै, संघ र प्रदेश सरकारले नीति, बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराई स्थानीय तहलाई सशक्त बनाउनुपर्ने हुन्छ । यस प्रक्रियामा अभिभावक, समुदाय तथा विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता समेत महत्वपूर्ण रहन्छ ।

### ३.२.२ बर्तमान अवस्था

आधारभूत तहको शिक्षा सुधारका लागि कार्यान्वयनमा आएका विभिन्न योजना, परियोजना, आयोगका सुझाव लगायतका विभिन्न प्रयास भएको छ तर परिमाण अपेक्षाकृत हुन सकेको छैन । न त यसलाई पूर्ण रुपमा निति अनुसार निःशुल्क र अनिवार्य वनाउन सकेका छन् तत यमुना माई गाँउपालिकाको आधारभूत तहको शिक्षामा विभिन्न पक्षमा सुधार आवश्यक देखिन्छ । यस गाँउपालिकाको ८ वटा समुदायिक विद्यालयहरु रहेका छन्। । त्यसमा मा ३ वटा रहेका छन् । यमुनामाई गाउँपालिकामा कक्षा १ मा सहजै देखिने प्रवेश दर ९८% र आफैं प्रवेश दर ४५% रहेको छ। आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर १३६% र आफैं भर्ना दर ९३% छ। आधारभूत तहमा कुल प्रवेश दर २०६% छ भने कक्षा ६ मा खुद प्रवेश दर ७६% छ। कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने बालबालिकाको प्रतिशत ९७% छ। कक्षा १ का विद्यार्थीमध्ये कक्षा ६ र आधारभूत तह (कक्षा १-८) पूरा गर्नेको प्रतिशत ८३% छ।

आधारभूत तह (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ९-११ वर्ष उमेरभन्दा माथिका बालबालिकाको प्रतिशत ४३% रहेको छ। आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक १ छ। आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर १३७% र आफैँ भर्ना दर ८५% छ। कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (सर्भाइभल रेट टु ग्रेड ८) ८०% छ। कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा आधारभूत तह (कक्षा ६-८) पूरा गर्नेको प्रतिशत ७०% छ। आधारभूत तह (कक्षा ६-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक १ छ। आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर -१७% र आधारभूत तह (कक्षा ६-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर -२२% रहेको छ, जसले विद्यालय बाहिरका बालबालिकाको संख्या ऋणात्मक रूपमा घटेको संकेत गर्छ, यो सकारात्मक सूचक हो। आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत ५९% र आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत ६७% छ। समग्रमा, शिक्षकको प्रतिशत ५९% र आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत २४% रहेको छ।

यसपालिकामा निरक्षरलाई साक्षर वनाउने सरकारले विकास गरेको औनपचारिक शिक्षा संचालन गर्ने जम्मा सामुदायिक अध्ययन केन्द्र रहेको आवशयकता रहेको छ। विशेषगरी सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट सबै सूचना साक्षरता शिक्षा आयआर्जन रोजगारीको वजारको माग अनुसारको सीपमूलक तालिम जस्ता कार्यक्रमहरु संचालन हुनु पर्ने हो जुन सख्यात्मक रुपले कम तथा उचित व्यवस्थापन हुन नसकेकाले त्यस मार्फत कार्यक्रमहरु संचालन हुन सकेका छैन।

तालिका ११ अधारभुत तहको सूचकको अवस्था

| **क्र.स.** | **सूचक विवरण** | **प्रतिशत** |
|---|---|---|
| १ | कक्षा १ मा सहजै देखिने प्रवेश दर | ९८ |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ४५ |
| ३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १३६ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९३ |
| ५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | २०६ |
| ६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ५६ |
| ७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर | ९७ |
| ८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | ८३ |
| ९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ४३ |
| १० | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ |
| ११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | १२७ |
| १२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८५ |
| १३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | ८० |
| १४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | ७० |
| १५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ |
| १६ | *आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)* | -१७ |
| | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | -२१ |

| | | |
|---|---|---|
| १७ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ५९ |
| १८ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ६७ |
| १९ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २९ |

स्रोतः टुलकिट २०८१

तालिका १२ अधारभुत तहको शिक्षकहरु विवरण अवस्था

| तहगत शिक्षक | १-५ कक्षा | | | ६-८ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ११० | ५५ | १६५ | १२ | ३० | ४२ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | २२ | ३६ | ५८ | २ | १७ | १९ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | २२ | ३६ | ५८ | २ | १७ | १९ |
| सामुदायिक बिद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ३ | ४ | ७ | १ | ० | १ |
| तालिम TPD लिएको शिक्षक संख्या | | | | | | |

### ३.२.३ समस्याहरु तथा चुनौतिहरु

१. अधारभुत शिक्षालाई पूर्ण रुपमा निःशुल्क र अनिवार्य गर्न नसक्नु।

२. कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) ४५% मात्र हुनुले अझै पनि धेरै बालबालिका औपचारिक रूपमा विद्यालय भर्ना हुन नसक्नु।

३. आधारभूत तह (कक्षा १-५) मा ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिकाको भर्ना दर ४३% हुनु।

४. कक्षा ६ मा खुद प्रवेश दर ७६% र आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ८५% हुनुले तल्लो कक्षाबाट माथिल्लो कक्षामा जाँदा विद्यार्थीहरू बीचैमा पढाइ छाड्ने गरेको हुनु।

५. यद्यपि विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) ऋणात्मक (-१७% र -२२%) देखिए पनि, यसले अझै पनि केही बालबालिका शिक्षाको पहुँचभन्दा बाहिर रहेको र उनीहरूलाई विद्यालयमा ल्याउन निरन्तर प्रयासको आवश्यकता रहेको बुझिन्छ।

६. आधारभूत तह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत २९% मात्र हुनुले यस क्षेत्रमा लैङ्गिक सन्तुलन कायम गर्न र महिला शिक्षकको संख्या बढाउनु नसक्नु।

७. विद्यार्थी संख्या अनुसार प्रविधि तथा संचारयुक्त कक्षाकोठाको अभाव हुनु।

८. १ देखि ८ कक्षामा अध्ययन गर्ने बालबालिका मध्ये ११.३ प्रतिशत बालबालिका बिद्यालय छोड्ने दर भाएको।

९. शिक्षकहरुको लागि मेन्टरिगं जस्ता सहयता तथा पेशागत विकासको व्यवस्थापन गर्न नसक्नु।

१०. राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान, अतरिक्त क्रियाकलाप तथा व्यक्तिगत विकासको अवसरहरु विकास गर्न नसक्नु।

११. ReAl कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।

१२. विद्यालयको भौतिक संरचना राष्ट्रिय मापदणड २०८० अनुसारको निर्माण वा सवलिकरण गरि वाल तथा अपाङ्ग मैत्री वनाउन नसक्नु ।

१३. विद्यालयहरुमा प्रविधियुक्त, वालमैत्री हुन तथा लैगिक मैत्री विद्यार्थिहरुको कक्षमा पातलो उपस्थिति रहनु तथा विद्यालय छाडनु ।

१४. मदर्साहरुलाई मुलधारमा ल्याउन नसक्नु ।

१५. सिमान्तकृत समुदायको विद्यार्थीहरुलाई थप प्रोतसाहन गर्न नसक्नु ।

१६. विद्यालयमा विपद तथा आप्तकालिन अवस्थामा शिकाई निरन्तरताको वैकल्पिक व्यवस्था गर्न नसक्नु ।

१७. विद्यालय शिक्षालाई डर, भयरहित वनाउन विद्यालय सुरक्षाका लागि योजनाहरुको निर्माण नहुनु , विपद व्यवस्थापन सम्वन्धि सम्पर्क शिक्षक नतोकनु, पूर्वात्यारी नहुनु ।

### ३.२.४ उदेश्यहरु

१. समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्दै अधारभुत शिक्षालाई निःशुल्क र अनिवार्य गर्नु ।

२. बिद्यालय वाहिर रहेका वालवलिकाहरुलाई प्रभाकारी रुपले भर्ना अभियान संचालन गरि बिद्यालयमा भर्ना गराईने र प्रोतसाहनका कार्यक्रम संचालन गर्ने ।

३. स्थानिय पाठ्यक्रमको विकास गरि बालवलिकाको शिक्षण सिकाई लाई प्रभावकारी तथा स्थानिय व्यवहारिक जीवनसँग जोडने ।

४. १०० प्रतिशत बिद्यार्थीहरुलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।

५. ReAL कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नु ।

६. न्यूनतम सिकाइ उपलब्धी प्राप्त गर्न टिकाउ दर वृद्धि गर्नु ।

७. विद्यार्थीहरुको लागि बालमैत्री, प्रविधियुक्त वतावरणमा निरन्तर सिकाईको अवसरको सुनिशिचित्तता गर्ने ।

८. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु ।

९. मदर्सालाई शिक्षाको मुलधारमा ल्याउन प्रदेश सरकारसँग समन्वय सहकार्य गरि व्यवस्थित गर्ने ।

१०. विद्यालय शिक्षा क्षेत्रमा शुशासन सहित परादर्शिता कायम गरिने छ ।

### ३.२.५ रणनीतिहरु

१. मापदण्डका आधारमा विद्यालयको वातावरण अपांगमैत्री, बालमैत्री, लैङ्गिक मैत्री बनाइ बिधालयको समायोजन तथा पुनःसंरचना गरिनेछ ।

२. तीनै तहका सरकारसँग समन्वय गरी अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभूति गराउने र पढ्दै कमाउदै कार्यक्रमलाई विद्यालयसँग जोडिनेछ ।

३. विद्यालय बाहिर रहेका बालबालिकालाई समता रणनीति, साक्षर नेपाल अभियान, सिकाइ केन्द्र, मदर्सा, धार्मिक विद्यालय मार्फत पहुँच र सवैका सुनिश्चित गरिनेछ ।

४. शिक्षण विधि, मूल्याङ्कन विधि, शैक्षिक मानव संसाधनको विकास, पेशागत विकास,दिवा खाजा कार्यक्रम, मनोसामाजिक परामर्श, विद्यालय प्रविधिको प्रयोग जस्ता कार्यका लागि यथेष्ट लगानीको स्रोत सुनिश्चित गरिनेछ र थप प्रभावकारी वनाईने छ ।

५. शिक्षकहरुको पेशागत विकासका लागि मेन्टरिङग जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

६. ReAL कार्यक्रम मार्फत बिद्यार्थीको सिकाइ सुधार हुने छ ।

७. विद्यालय शिक्षा क्षेत्रमा शुशासन र परादर्शिता कायम गर्न काडा रुपमा अनुगमन वि.ब.स लाई जिम्मेवार वनाईने छ ।

८. विद्यार्थीहरुको प्रभावकारी  शिक्षण सिकाईका लागी थप कोचिङगको व्यवस्था गरिने छ।
९. सिमान्तकृत समुदायको विद्यालय उमेर समुहको वालवलिकाहरु जो विद्यालय वाहिर रहेको छ त्यसलाई विद्यालयमा भर्नाका लागि प्रोतसाहन सहित विद्यालयमा स्वागत कार्यक्रम संचालन गरिने।
१०. निःशुल्क तथा अनिवार्य शिक्षा निति अनुरुपको शिक्षाको अवसरको सुनिशिचितता गरिने।
११. राष्ट्रिय मापदणड अनुसारको भौतिक पूर्वाधारहरुलाई सवलिकरण गरि लैगिंक, वाल तथा अपाङ्ग मैत्री बनाइने।
१२. मदर्सा शिक्षालाई मुलप्रवाहिकरणका लागि प्रदेश सरकारसँग समन्वय सहकार्य तथा कार्यविधि तयार गरि लागु गर्ने।

### ३.२.६ प्रमुख उपलब्धी र नतिजा

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँचसहभागिता र गुणस्तर अभिवृद्धि ,भएको हुने।

**क. उपलव्धी**

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ  भएको हुने।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति सचेतना का लागि प्रतिकार्य योजना, पुर्वतयारीका अगाडि वढेको हुने।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार भएको हुने र भौतिक संरचनाहरु मापदणड अनुसार सवलिकरण तथा निर्माण भएको हुने।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।
८. शिक्षकहरुको पेशागत विकासका अवसरहरुको सुनिशिचितता भएको हुने।
९. विद्यार्थी र शिक्षक अनुपात मिलाउन पालिकावाट स्वयमं सेवक शिक्षकहरु परिचालन भएको हुने।
१०. विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण र पोषणमा सुधार भएको हुने  छ।

**नतिजा**

| क्र.स. | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | |
|---|---|---|---|---|---|---|
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| १ | कक्षा १ मा सहजै देखिने प्रवेश दर | ९८ | १०१ | १०३ | १०५ | १०७ |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | ४५ | ४८ | ५१ | ५४ | ५८ |
| ३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १३६ | १३८ | १४० | १४२ | १४५ |
| ४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९३ | ९८ | १०४ | १०९ | ११५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | २०६ | २११ | २११ | २१६ | २२१ |
| ६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ५६ | ६४ | ६४ | ७४ | ८५ |
| ७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर | ९७ | ९७ | ९८ | ९८ | ९९ |
| ८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | ८३ | ८३ | ८४ | ८५ | ८६ |
| ९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ४३ | ३४ | ३४ | २६ | २१ |
| १० | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| ११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | १२७ | १२५ | १२५ | १२८ | १३० |
| १२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८५ | ८६ | ८८ | ९६ | १०२ |
| १३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | ८० | ८१ | ८२ | ८३ | ८४ |
| १४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | ७० | ७१ | ७३ | ७४ | ७६ |
| १५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| १६ | *आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)* | -१७ | -१० | -१० | -६ | -४ |
| | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | -२१ | -२३ | -२२ | -२५ | -२७ |
| १७ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ५९ | ५९ | ५९ | ५९ | ६० |
| १८ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ६७ | ६७ | ६७ | ६७ | ६७ |
| १९ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २९ | २९ | २९ | २९ | २९ |

स्रोतः शिक्षा शाखा, EMIS २०८१, टुलकिट

### ३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य :

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र | पटक | | १ | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समायोजन | | | | | | | | | |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | १ | | | २ | २ | |
| ३ | बिद्यालय भर्ना अभियान संचालन | पटक | १ | १ | ११ | १ | १ | १ | १०० | |
| ४ | कक्षा १ देखि ५ सम्मका बालबालिका लागि भाषिक पठनसिप बिकासका लागि शिक्षक तथा बिद्यार्थी निर्मित स्थानीय सामाग्रीहरु सहित छापामय कक्षाकोठा ब्यबस्थापन | बिद्यालय | २ | १ | ० | ० | ० | ३ | ६ | |
| ५ | मदर्सालाई मुलधारमा ल्यान मापदण्ड विकास र लागु | निरन्तर | | | | | | | | |
| ६ | विद्यालयमा न्युनतमभौतिक पूर्वाधार विकास | संख्या | २ | १ | ० | ० | ० | ३ | ६ | |
| ७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | विद्यालय सं | २ | १ | ० | ० | ० | ३ | ६ | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | २ | १ | ० | ० | ० | ३ | ६ | |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | २ | १ | ० | ० | ० | ३ | ६ | |
| १० | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | | |
| १२ | शिक्षकहरुको पेशगत विकासको निरन्तर सहयोग | निरन्तर | | | | | | | | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, पाठ्यपुस्तक, विद्यार्थी स्टेशनरी वितरण | प्रतिशत | २ | १ | ० | ० | ० | ३ | ६ | |
| १४ | स्वयंम सेवक शिक्षक परिचालन | आवशयकता अनुसार | | | | | | | | |
| १५ | विधुतीय पुस्तकालय सहित सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | २ | १ | ० | ० | ० | ३ | ६ | |
| १६ | ReAL कार्यक्रम गैर-सरकारी संस्थाहरुको समन्वयमा संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.३ माध्यमिक शिक्षा:

### ३.३.१ परिचय:

नेपालमा अधारभुत तह १-८ कक्षा पछिको ९ देखि १२ कक्षासम्म माध्यामिक तह हो । यो माध्यमिक शिक्षा उच्च शिक्षाको आधारशिला मात्र नभई व्यावसायिक सीप र ज्ञान हासिल गर्ने महत्वपूर्ण तह पनि हो। यस तहले विद्यार्थीलाई कला, संस्कृति, विज्ञान, प्रविधि लगायतका विविध विषयहरूमा आवश्यक मूल्यमान्यता, दृष्टिकोण, र व्यवहार सिकाउँदै सक्षम जनशक्ति तयार

गर्ने उद्देश्य राख्छ। नेपाल सरकारद्वारा माध्यमिक शिक्षालाई सहज र सबैका लागि पहुँचयोग्य बनाउन विभिन्न संवैधानिक तथा कानूनी प्रावधानहरू लागू गरिएको छ।

नेपालको संविधान, २०७२ ले माध्यमिक शिक्षालाई निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ भने, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक तहको शिक्षा उपलब्ध गराउनु राज्यको दायित्व भनी परिभाषित गरेको छ। यस्तै, राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षा सबैलाई निःशुल्क रूपमा उपलब्ध गराउने लक्ष्य राख्दै, यसबाट सिर्जनात्मकता, सकारात्मक चिन्तन, अध्ययनशीलता, तथा सदाचारयुक्त प्रतिस्पर्धी सीप भएका उत्पादनशील जनशक्ति विकास गर्ने उद्देश्य लिएको छ। यसरी, माध्यमिक शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, र व्यवहारिक बनाउन नीति तथा कानुनी व्यवस्था गरिएको छ।

### ३.३.२ वर्तमानअवस्था

यस यमुना माई गाँउपालिका क्षेत्र भित्र रहेका माध्यमिक विद्यालय ५ वटा रहेको छ। जसमा कक्षा ९ देखि १० कक्षा संचालन गर्ने १ वटा र कक्षा ११ देखि १२ कक्षा संचालन गर्ने जम्मा ४ वटा विद्यालयहरु रहेका छन्। यस गाँउपालिकामा माध्यमिक बिधालय ९ देखि १२ सम्ममा अध्यनरत जम्मा छात्रा ३५० र ३४४ छात्र गरि जम्मा ६९४जना विद्यार्थिहरु अध्ययनरत रहेको छ।

यमुनामाई गाउँपालिकामा माध्यमिक तह (कक्षा ९-१२) को शिक्षाको हालको अवस्था हेर्दा, सकल प्रवेश दर (GER) ५८% र खुद प्रवेश दर (NER) २९% रहेको छ, जसले लक्षित उमेर समूहका धेरै बालबालिका अझै पनि माध्यमिक शिक्षाको पहुँचभन्दा बाहिर रहेको संकेत गर्छ। आधारभूत तह (कक्षा ८) बाट माध्यमिक तह (कक्षा ९) मा ७६% विद्यार्थीहरू संक्रमण गर्छन् भने, कक्षा ९ मा भर्ना भएकामध्ये ८७% विद्यार्थी कक्षा १० मा पुग्छन्। यद्यपि, कक्षा ९ बाट कक्षा १२ सम्म पुग्ने विद्यार्थीको संख्या ५२% मात्र हुनुले माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीको अनुपात आधा मात्र रहेको देखाउँछ, जसलाई सुधार गर्नुपर्ने देखिन्छ। लैङ्गिक समता सूचक ०.९ हुनुले छात्र र छात्राको भर्ना दर लगभग समान भए पनि पूर्ण समानताका लागि अझै प्रयास आवश्यक छ। माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत २२% मात्र हुनु पनि ध्यान दिनुपर्ने विषय हो। यसका साथै, सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१०) र विज्ञान विषय (कक्षा ९-१२) अध्ययन गर्ने विद्यार्थीको संख्या क्रमशः ३ र ५ मात्र हुनुले यस गाउँपालिकामा प्राविधिक तथा विज्ञान शिक्षाको पहुँच र आकर्षण अत्यन्तै कमजोर रहेको स्पष्ट हुन्छ, जसले भविष्यको जनशक्ति विकासमा चुनौती थपेको छ।

**तालिका १२ माध्यामिक तहको बिद्यार्थिहरुको विवरण भर्ना प्रवृती**

| विद्यार्थी विवरण | माध्यामिक ९-१० कक्षा | | | माध्यामिक ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १५४ | १३६ | २९० | १९६ | २०८ | ४०४ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १५४ | १३६ | २९० | १९६ | २०८ | ४०४ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ७४ | ८४ | १५८ | ३० | १८ | ४८ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ७४ | ८४ | १५८ | ३० | १८ | ४८ |

| विद्यार्थी विवरण | माध्यामिक ९-१० कक्षा | | | माध्यामिक ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ० | १ | १ | २ | ० | २ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ० | १ | १ | २ | ० | २ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | २ | ३ | ५ | ० | १ | १ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | २ | ३ | ५ | ० | १ | १ |

स्रोतः EMIS, टुलकिट २०८१

## तालिका १३ माध्यामिक तहको शिक्षकहरु विवरण

| शिक्षक विवरण ९-१२ कक्षा | माध्यामिक ९-१० कक्षा | | | माध्यामिक ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ५ | १९ | २४ | ० | २ | २ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | १ | १२ | १३ | ० | २ | २ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | १ | १२ | १३ | ० | २ | २ |
| सामुदायिक बिद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | | ० | ० | ० |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ० | ० | ० | ० | | ० |

## तालिका १४ माध्यामिक तहको सूचकहरुको अवस्था

| माध्यामिक तहको सूचकहरु | प्रतिशत |
|---|---|
| माध्यमिकतह -९कक्षा )१२) मा सहजै देखिने भर्ना दर (GER) | ५८ |
| माध्यमिकतह -९कक्षा )१२) मा खुद भर्ना दर (NER) | २९ |
| माध्यमिकतह -९कक्षा )१२ को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक ( | १ |
| आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर )Transition rate from Basic Level to Secondary Level) | ७९ |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर | ८७ |

| | |
|---|---|
| *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | ११४ |
| माध्यमिकतह -९कक्षा )१२ मा महिला शिक्षकको प्रतिशत ( | १९ |
| जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९मा प्राबिधिक धार सहित सन्चालन गर्ने १२- बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी सङ्ख्या | ३ |
| सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९मा बिज्ञान बिषयमाभर्ना भएका १२- प्रतिशत जम्मा बिद्यार्थी | ५ |

स्रोतः EMIS, टुलकिट २०८१

### ३.३.३ समस्या तथा चुनौतिहरु

१. माध्यामिक शिक्षालाई सवै वालवलिकाको पहुचमा पुर्याउन नसक्नु र पूर्ण निःशुल्क गर्ने नसक्नु ।
२. माध्यमिक तह (कक्षा ९-१२) मा खुद प्रवेश दर २९% मात्र हुनुले लक्षित उमेर समूहका धेरै बालबालिका अझै पनि माध्यमिक शिक्षाको पहुँचभन्दा बाहिर रहेको वा औपचारिक रूपमा भर्ना हुन नसक्नु ।
३. कक्षा ९ मा भर्ना भएकामध्ये ५२% मात्र विद्यार्थी कक्षा १२ सम्म पुग्नुले माध्यमिक शिक्षा पूरा गर्ने दर आधा मात्र रहेको र बीचैमा पढाइ छाड्नु ।
४. आधारभूत तह (कक्षा ८) बाट माध्यमिक तह (कक्षा ९) मा संक्रमण दर ७६% हुनुले आधारभूत तह पूरा गरेका सबै विद्यार्थीहरू माध्यमिक तहमा प्रवेश गर्न नसक्नु ।
५. लैङ्गिक समता सूचक ०.९ हुनुले छात्रा र छात्रबीचको भर्ना दरमा केही भिन्नता हुनु ।
६. माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत २२% मात्र हुनु ।
७. राष्ट्रिय विद्यालय मापदणड अनुसारको भौतिक पूर्वाधार नहुनु ।
८. विद्यार्थी र शिक्षकको अनुपात समान कक्षा ११-१२ मा नहुनु ।
९. विषय शिक्षकको कमि र कक्षाकोठा प्रविधि मैत्री नुहुनु ।
१०. विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापको व्यवस्थापन नहुनु ।
११. विशेष गरी ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा विद्यार्थीले कक्षा १२ पूरा नगर्ने प्रवृत्ति ।
१२. बिद्यालय भौतिक पूर्वाधार निर्माण मापदणड २०८० अनुसारको बिद्यालय भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा डिजिटल शिक्षाका लागि आवश्यक स्रोत-साधन सीमित हुनु र विकास गर्न नसक्नु ।
१३. व्यावसायिक तथा प्राविधिक शिक्षा (Vocational Education) अझै राम्रोसँग विस्तार हुन नसक्नु ।
१४. शिक्षको पेशगत विकासका लागि तालिम, मेन्टरिगं जस्ता सहयोग पद्धतीको विकास हुन नसक्नु ।
१५. आप्तकालिन समयमा वैकल्पिक शिक्षाको व्यवस्थापन गर्ने संयन्त्रको विकास गर्न नसक्नु ।
१६. विद्यालय सुरक्षा मापदणडलाई लागु गर्न नसक्नु ।
१७. ICT सम्वन्धी शिक्षकलाई तालिम दिई क्षमता अभिवृद्धी गर्न नसक्नु ।
१८. विद्यालय व्यवस्थापन समितिमा राजनितिकरण हुनु ।
१९. विद्यालय शिक्षा क्षेत्रमा शुशासनको कमि भई प्रारदर्शिता कम हुदै जानु ।
२०. बिद्यार्थीहरुको शारिरिक तथा मानसिंक विकासका लागि अतरिक्त खेलकुद तथा कार्यक्रमहरु नहुनु ।

### ३.३.४ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु ।
२. विद्यार्थी र शिक्षक अनुपातको समस्या समाधानका लागि स्वयंम सेवक शिक्षक परिचालन गर्ने ।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने ।
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
६. भौतिक पूर्वाधारहरुलाई राष्ट्रिय मापदणड २०८० अनुरुप सवलिकारण तथा निर्माण गर्ने ।
७. अतिरिक्त क्रियाकालप मार्फत विद्यार्थीलाई स्वस्थ्य फुर्तिलो तथा अनुशासित बनाउने ।
८. शिक्षण क्रियाकलापलाई प्रविधि मैत्री वनाउने ।
९. शिक्षकको पेशागत क्षमता विकासका लागि तालिम प्रदान गरिने ।
१०. विद्यालयमा ICT ल्याव व्यवस्थापनका लागि तालिम ता स्रोतको व्यवस्थापन गर्ने ।
११. माध्यामिक शिक्षालाई जीवन उपयोगी शिक्षा, vocational eduation सँग जोडने ।
१२. विद्यालय सुरक्षा मापदणडलाई कडाईका साथ लागु गरिने ।
१३. विद्यालय अनुगमण प्रणालि प्रभावकारी बनाईने ।
१४. नतिजामा अधारित शिक्षा प्रणाली विकासका लागि प्रधानाध्यापक, शिक्षकहरुको करारमा अधारित कार्यसम्पादनको प्रभावकारी कार्वान्वयन गरिने।
१५. सिमान्तकृत समुदायका विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्नाका लागि घरदैलो, स्वागत कार्यक्रम, प्रोतसाहन, छात्रवृतीको व्यवस्थापन गरिने ।

### ३.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण,समायोजन तथा स्थापना गरिनेछ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ।
३. माध्यमिक तहमा प्राविधिक शिक्षा सुचारू गरिने ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरिनेछ ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ।
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
८. एउटा सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण वढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण,समायोजन तथा थप गर्नेछ।
१०. साविक माध्यमिक विद्यालयलाई नगर नमूना माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरिनेछ।
११. शिक्षकको पेशगत विकासका लागि छोटो कस्टमाइज तालिम संचालन गरिने ।
१२. हरेक विद्यालयमा कम्तिमा ३ जना शिक्षकलाई ICT सम्वन्धि तालिम प्रदान गरि क्षमता अभिवृद्धि गरिने छ ।
१३. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई पुनः भर्ना गर्न सघन कार्यक्रम सञ्चालन गरिनेछ।
१४. वाल क्लबहरूको नेतृत्व विकास तथा परिचालन गरी विद्यार्थीहरूलाई सिकाइ सुधारमा संलग्न गराइनेछ।
१५. विद्यालय-समुदाय समन्वयलाई सशक्त बनाउन अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१६. विद्यालय नआउने वा विद्यालय छोड्ने विद्यार्थीहरूको नियमित ट्र्याकिङ प्रणाली लागू गरिनेछ।

१७. बिद्यालय भौतिक पुर्वाधार निर्माण सम्वन्धि मापदणड अनुसारको विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्याबलाई थप व्यवस्थित बनाई प्रभावकारी प्रयोगको वातावरण सिर्जना गरिनेछ ।

१८. विद्याल सुरक्षा प्रणालीलाई प्रभावकारी वनाउनका लागि विद्यालय सुरधार योजना, विपद् पूर्वत्यारी योजन, विपद् प्रतिकार्य योजना बनाई लागु गरिने ।

### ३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलव्धि**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आउने।

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।

३. शिक्षक पेशागत विकास प्रारुप २०८० बमोजको क्रियाकलाप संचालन भई शिक्षकले मेन्टरिग, छोटो तालिम आदिको माध्यमबाट कक्षा शिक्षणमा दक्ष भएको हुने ।

४. माध्यमिक तहमा प्राविधिक धार तर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।

५. माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।

६. बिद्यार्थिहरुले विद्यालय शिक्षा पूर्ण रुपमा प्रविधि मैत्री वतावरणमा लिरहेको हुने ।

७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

८. भौतिक पूर्वाधारहरु राष्ट्रिय मापदणड २०८० अनुसारको सवलिकरण र निर्माण भएको हुने ।

९. भय रहित सुरक्षित वतावरणमा प्रभावकारी शिक्षण भएको हुने ।

१०. विद्यार्थीहरुको अनुपात अनुसारको शिक्षकको व्यवस्थापन भएको हुने ।

११. अनुगमण प्रणाली सक्रिय तथा नतिजामुल्क प्रभावकारी कार्य गरिरहेको हुने ।

१२. विद्यार्थीहरुको प्रतिभाहरु प्रष्पोटनका लागि अतरिक्त क्रियाकलापहरु संचालन भएको हुने ।

१३. विद्यालयमा गुनासो सुनवाई सयन्त्रको प्रभावकारी कार्वान्वियन भएको हुने ।

१४. विद्यालयमा लैगिंक र विपद जोखीम न्युनीकरणका लागि सम्पर्क शिक्षकहरुको तोकि सक्रिय भएको हुने ।

१५. आपतकालिन शिक्षाको प्रवन्ध भएको हुने छ ।

**ख) नतिजा**

| क्र.स. | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | |
|---|---|---|---|---|---|---|
| | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| १. | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर | ५८ | ६६ | ६९ | ७६ | ८२ |
| २. | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २९ | ३५ | ३९ | ४८ | ५६ |
| ३. | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १ | १ | १ | १ | १ |
| ४. | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर | ७९ | ९२ | १०० | १०० | १०० |
| ५. | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर | ८७ | ८९ | ९२ | ९४ | ९७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | *कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)* | ११४ | १०० | १२३ | १३४ | १४५ |
| ७. | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १९ | २० | २० | २१ | २२ |

## ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षा सम्वन्धी कार्यविधि २०७७ लाई पूर्णरुपमा लागु गर्ने | निरन्तर | | | | | | | | |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | २ | |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | १ | २ | |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | ० | | १ | १ | | २ | १ | |
| ५ | करारमा अधारित शिक्षकहरुको कार्यसम्पादन मुल्याकंन | निरन्तर | | | | | | | | |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, सतप्रतिशत स्थानीय तह सुधार तथा सवलिकरण | पटक | १ | १ | १ | १ | १ | ३ | | |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | ० | १ | ० | १ | १ | |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | विद्यालय पोषण,स्वास्थ्य कार्यक्रम | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १० | प्र.अ. तथा वि.व. स लाई नेतृत्व तथा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विपद् प्रतिकार्य योजना निर्माण तथा लागु | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १४ | विधुतीय पुस्तकालय सञ्चालन | संख्या | ० | १ | १ | १ | २ | ५ | १० | |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | गुनासो सुनवाई सम्वन्धी तालिम र लागु | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | विद्यालय सुधार कार्ययोजना र पाठ योजनाको निर्माण र लागु | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | आपतकालिन समयमा निरन्तर शिक्षाको व्यवस्थापन | निरन्तर | | | | | | | |
| १९ | अनुगमण तथा मुल्यांकंन पद्धती तथा EMIS मा सुधार | निरन्तर | | | | | | | |

## ३.४ उच्चशिक्षा

### ३.४.१ परिचय

उच्च शिक्षालाई कुनै पनि राष्ट्रको मेरुदण्डका रूपमा लिन सकिन्छ। कुनै पनि देशको समृद्धि र विकासमा शिक्षाको महत्वपूर्ण योगदान रहने भएकाले माध्यमिक तह पूरा गरेपछि विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न अग्रसर हुन्छन्। समाज र राष्ट्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न उच्च शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ। विशेषगरी, यो शिक्षाले विद्यार्थीहरूलाई विशिष्टीकृत ज्ञान, सीप र दक्षता प्रदान गर्ने भएकाले उनीहरू आफ्नो इच्छाअनुसार कुनै पनि क्षेत्रको विशेषज्ञ बन्न सक्छन्। यसरी, उच्च शिक्षाको विकासले देशको समग्र उन्नति र समाजको हितमा महत्वपूर्ण योगदान पुऱ्याउने आशा गर्न सकिन्छ।

### ३.४.२ वर्तमान अवस्था

हाल यमुना माई गाँउपालिकामा उच्च शिक्षाको अवस्था सीमित छ। गाँउपालिका भित्र मात्र एउटा पनि सामुदायिक क्याम्पस नरहेको हुँदा यहाँका विद्यार्थीहरू उच्च शिक्षाका लागि सीमित विकल्पहरूसँग सामना गरिरहेका छन् । यस क्षेत्रका विद्यालयहरूबाट कक्षा १२ उत्तीर्ण गरेका धेरै विद्यार्थीहरू यही क्याम्पसमा अध्ययन गर्न गौर जाने गर्छन्, तर केही स्नातक र स्नातकोत्तर तहको शिक्षाका लागि बाहिरका अन्य शैक्षिक संस्थाहरूमा जान बाध्य छन् । उच्च शिक्षाका संस्थाहरूको सीमित उपलब्धताका कारण विद्यार्थीहरूले आफ्नो इच्छा अनुसारको विषय अध्ययन गर्न कठिनाइ भोग्नुपरेको छ । दक्ष जनशक्ति उत्पादन गर्न, सामाजिक रुपान्तरण गर्न, तथा शैक्षिक, आर्थिक र औद्योगिक विकासलाई गति दिन उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहेकाले यस क्षेत्रमा थप उच्च शिक्षा संस्थाहरूको आवश्यकता देखिन्छ ।

### ३.४.३ चुनौतीहरुः

१. क्याम्पसको स्थायित्व र सुदृढीकरण गर्न।
२. स्नातकोत्तर तहको क्याम्पसको सम्वन्धन र अनुमति लिनु ।
३. भौतिक पूर्वाधार विकास गर्न ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन।
५. जनशक्ति व्यवस्थापन गर्न।

### ३.४.४. उद्देश्य

१. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने ।
२. स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने ।

### ३.४.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक आवश्यकता पुरा गर्ने।
२. यस पालिकामा स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालयमा पहल गर्ने।

३. क्याम्पसको सुदृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने।

### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

**क) उपलव्धी**

सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**ख) नतिजा**

१. क्याम्पसको सञ्चालन स्थायीत्व तथा सदृढीकरण भएको हुने।

२. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने।

### ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्याम्पस सम्बन्धन | पटक | | | १ | | | १ | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | १ | | | १ | १ | गाँउपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | | | | | १ | १ | १ | संघ /प्रदेश / गाँउपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | १ | | | १ | १ | गाँउपालिका |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

डिप्लोमा स्तरको प्राविधिक तथा व्यावसायिक शिक्षा १६ वर्षभन्दा माथि उमेर समूहका विद्यार्थीहरूका लागि लक्षित गरिन्छ। यो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई विशेष सीप, ज्ञान र दक्षता प्रदान गरी रोजगारको अवसर सिर्जना गर्न मद्दत गर्दछ। डिप्लोमा तहका कार्यक्रमहरू इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन, व्यवस्थापन लगायतका क्षेत्रमा प्रदान गरिन्छन्। डिप्लोमा तहको प्राविधिक शिक्षाले विशेष गरी व्यवहारिक ज्ञानमा जोड दिने भएकाले विद्यार्थीहरू प्रत्यक्ष रूपमा श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बन्छन्। लैंगिक समानता र दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, आवासीय सुविधाहरू, तथा विशेष आवश्यकताका लागि अतिरिक्त सहयोगका कार्यक्रमहरू संचालन गरिनु आवश्यक छ ।

### ३.५.२ वर्तमान अवस्था

हाल यमुना माई गाँउपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था सुधारोन्मुख देखिन्छ । यस गाँउपालिकामा हाल एउटा पनि सुव्यवस्थित प्राविधिक विद्यालय सञ्चालनमा रहेको छैन, जसले विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा लिनवाट वचिंत रहदै आएको छ । त्यसैले गाँउपालिकाभित्र कुनै पनि सामुदायिक रूपमा प्राविधिक शिक्षा र सीप विकास तालिम उपलब्ध नभएकाले विद्यार्थीहरू अन्य क्षेत्रका शिक्षण संस्थामा निर्भर रहनुरेको छ । गाँउपालिकाले

प्राविधिक शिक्षाको पहुँचलाई विस्तार गर्दै विविध व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ, जसले यहाँका युवाहरूलाई दक्ष जनशक्ति बन्न र स्थानीय स्तरमै रोजगारीको अवसर प्राप्त गर्न सहयोग गर्नेछ ।

### ३.५.३ उदेश्य

१. गाँउपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।
२. विद्यार्थीहरूलाई श्रम बजारका लागि योग्य बनाई स्व-रोजगारीको अवसर सिर्जना गर्ने।
३. आर्थिक रूपमा कमजोर तथा विशेष आवश्यकता भएका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने।
४. छात्रवृत्ति, आवासीय सुविधा तथा आधुनिक प्रयोगशालासहितको पूर्वाधार निर्माणमा ध्यान दिने।
५. संघीय, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा नीति तथा कार्यक्रमहरू लागू गर्ने।

### ३.५.४. रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको बिकास र बिस्तार गर्ने ।
२. गुणस्तर,पहुच,र सहाभागीतामा बृधि गर्ने ।
३. सिप मुलक तालिमको बिस्तार गर्ने ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. गाँउपालिकाभित्रै प्राविधिक तथा व्यावसायिक शिक्षाको लागी १ वटा प्राविधिक विद्यालयको स्थापना गरि सवैको प्राविधिक शिक्षामा पहुँच विस्तार भएको हुनेछ ।
२. दक्ष जनशक्ति उत्पादन भई स्थानीय तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी भई उच्च क्षमता प्रस्तुत गरिरहेको हुने छ ।
३. विद्यार्थीहरू स्व-रोजगारी तथा उद्यमशीलतामा लाग्न सक्षम बन्नेछन् ।
४. आर्थिक रूपमा कमजोर तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूले प्राविधिक शिक्षा प्राप्त गर्न सहज हुनेछ ।
५. छात्रवृत्ति, आवासीय सुविधा तथा आवश्यक पूर्वाधारको विकासले शिक्षाको गुणस्तर वृद्धि हुनेछ ।
६. गाँउपालिकाको औद्योगिक, सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्नेछ ।
७. प्रविधि, ज्ञान र सीपको प्रयोगद्वारा समाजमा सकारात्मक परिवर्तन आउनेछ ।

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको स्थापना हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको बिकास हुने ।

### ३.५.६ प्रमुख त्रियाकलाप तथा लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा प्रदायक संस्था | संख्या | | | १ | | ० | १ | ३ | |
| २ | सिप मुलक तालिम | संख्या | | १ | | १ | | २ | ५ | |
| ३ | पूर्वाधार निर्माण | संख्या | | | १ | १ | १ | ३ | ५ | |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.६.१ परिचय

नेपालमा शिक्षालाई सबै नागरिकसम्म पुर्‍याउने लक्ष्य राख्दै विभिन्न प्रयासहरू हुँदै आएका छन् । विशेषगरी, औपचारिक शिक्षाको पहुँचबाट बाहिर रहेका नागरिकहरूका लागि गैरऔपचारिक शिक्षा प्रणालीलाई विकास गरिएको हो। साक्षर नेपाल - वर्ष २०८० को अवधारणा अनुसार, हाल देशभर साक्षरता कार्यक्रमलाई व्यापक रूपमा अघि बढाइँदै छ । अझै साक्षर हुन बाँकी रहेका जिल्लाहरूमा विभिन्न कारणले निरक्षर रहेका व्यक्तिहरूलाई साक्षर बनाउनका लागि स्थानीय तहको विशेष भूमिका रहेको छ। यस अन्तर्गत, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र, प्रदेश स्तरमा शिक्षा विकास निर्देशनालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, र स्थानीय तहको शिक्षा शाखालाई साक्षरता अभियानको सफल सञ्चालनका लागि परिचालन गरिएको छ ।

### ३.६.२ वर्तमान अवस्था

यमुना माई गाँउपालिकामा अनौपचारिक शिक्षा कार्यक्रम सीमित रूपमा सञ्चालन भइरहेको छ। हाल यस गाँउपालिकामा १ वटा पनि सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छैन, जसले अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाका क्षेत्र प्रभावित रहेको देखिन्छ , केही विकास साझेदार संस्थाहरुले किशोरी शिक्षा संचालन गरे ता पनि पालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ अनुसार अधारभुत तह यदि यहि आउदो २०८५ वैशाख सम्म जुन नागरिकले हासिल गरेको हुदैन त्यसलाई विभिन्न सरकारी सेवाबाट वचिंत गर्ने निति रहेकोले तयलाई हासिल गर्न सकिने एउटा मात्र माध्यम वैकल्पिक शिक्षा हो जसलाइ संचालन गर्नाका लागि सरकारी सयन्त्र सामुदायिक शिक्षा केन्द्र हो जुन यहा संचालन हुन सकेको छैन ।

वि.स. २०७८ को जनगंणना अनुसार यस यमुना माई गाँउपालिकाको कुल साक्षर दर ५१.९ त्यसमा पूरुष साक्षर दर ६१.५ र महिला साक्षर दर ४२.७ रहेको छ । यसले अझ पनि धैरे पूरुष र महिला निरक्षर रहेको छ जस्लाइ साक्षर वनाई साक्षर गाँउपालिका घोषणा गर्न गाँउपालिकाको लागि एउटा चुनौतिको विषय हो । त्यसलाई मध्य नजर गरि गाँउपालिकाले अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट तथा स्रोत साधन परिचालन गर्दै निरक्षर जनसंख्यालाई साक्षर बनाउने लक्ष्य राखेको छ । आगामी दिनमा गाँउपालिकाले साक्षरता अभियानलाई थप व्यवस्थित गर्दै किशोरी शिक्षा, महिला साक्षरता तथा वयस्क शिक्षा कार्यक्रमहरू विस्तार गर्ने कार्यक्रमहरुलाई प्रभावकारी वनाउनका लागि यस ५ वर्षे शिक्षा योजना सारेको छ, जसले गाँउपालिकाको समग्र शिक्षाको स्तर वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ र साक्षर गाँउपालिका घोषना हुने छ ।

**तालिका १५ साक्षर जनसख्याको विवरण**

| विवरण | प्रतिशत |
|---|---|
| ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७२ |
| १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ८१ |
| १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | ७६ |
| १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | १ |

**३.६.३ चुनौतीहरू**

१. यस यमुना माई गाँउपालिकाको साक्षर दर जम्मा ५१.९ प्रतिशत मात्र हुनु ।
२. यस पालिकामा पुरुषहरूको साक्षरता दर ६१.५ प्रतिशत र महिलाहरूको साक्षरता दर ४२.७ प्रतिशत मात्रै हुन ।
३. राष्ट्रिय समकक्षता मापदणडलाई लागु गर्न नसक्नु ।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित ।
५. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।
६. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्न ।
७. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु ।
९. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न नसक्नु ।
१०. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने ।
११. सहजकर्ताको क्षमता विकास गर्न नसक्नु ।
१२. स्रोत व्यवस्थापन र सरोकारवालाहरुको सम्वन्वयमा कमि हुनु ।
१३. समुदायिक सिकाई केन्द्रहरु प्रविधि मैत्री वनाई पुस्ताकलयसँग जोडनु ।
१४. पराम्परागत तथा रैथाने शिक्षालाई प्रर्वद्धन गर्न नसक्नु ।

**३.६.४ उद्देश्य**

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ:

१. साक्षर यमुना माई गाँउपालिकाको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास, विस्तार र प्रविधियुक्त वनाउनु ।
४. तालिम प्राप्त दक्ष सहजकर्ता उत्पादन तथा व्यवस्थापन गर्नु ।
५. सामुदायिक सिकाई केन्द्रलाई पुस्ताकालय र प्रविधिसँग जोडन नसक्नु ।
६. राष्ट्रिय सक्षमता लागु गर्न नसक्नु ।
७. सरोकारवलाहरुको प्रभावकारी सम्न्वय नहुनु ।

**३.६.५ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ:

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास,राजनैतिक दल , सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू प्रभावकारी सम्वन्वय गरि परिचालन गरिनेछ।
२. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लानेछ ।
३. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
४. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।

५. तालिम प्राप्त सहजकर्ताहरु नियुक्ती गरी परिचालन गर्ने ।
६. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।
७. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिनेछ ।
८. सामुदायिक सिकाई केन्द्रहरुलाई पुस्ताकलयसँग जोडदै प्रविधि मैत्रि वनाउने ।
९. विभिन्न प्रम्परागत र रैथाने शिक्षालाई विकास तथा प्रर्वद्धन गरिने ।
१०. नागरिकलाई योग र व्यामको लागि भौतिक पूर्वाधार तथा प्रभावकारी व्यवस्थापन गरिने ।

**३.६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलव्धि**

१. साक्षर यमुना माई गाँउपालिका रुपमा विकास हुने ।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
४. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।
५. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।
६. सिकाई केन्दहरुको संख्यामा वृद्धी वडा गत भई प्रविधि मैत्र हुने ।
७. प्रम्परागत तथा रैथाने शिक्षाको विकास तथा प्रर्वद्धन हुने ।

**ख) नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | गाँउपालिकाको साक्षर दर | ५६.५ | ६० | ७० | ८५ | ९० | १०० |
| २ | महिलाहरूको साक्षरता दर | ४२.७ | ५० | ७० | ८० | ९० | १०० |
| ३ | माध्यमिकतह (कक्षा १-१२) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ९.८ | ५० | ४० | ३० | १० | ५ |
| ४ | हरे वडामा १ समुदायिक सिकाई केन्द्रको विस्तार | १ | १ | १ | १ | १ | ० |
| ५ | छोटो अवधिका आयमुलक कार्यक्रम संचालन | १ | १ | १ | १ | १ | १ |
| ६ | साक्षर गाँउपालिका घोषणा | ० | ० | ० | ० | १ | ० |
| ७ | घुम्ती पुस्ताकालय स्थापना | १ | ० | १ | ० | १ | ० |
| ८ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन | संख्या | २०० | २०० | २०० | २०० | २०० |
| ९ | राष्ट्रिय शिक्षा सक्षमता प्रारुपको सफल कार्वान्वयन | निरन्तर | | | | | |
| १० | शैक्षिक तथ्याकंहरु अध्यावधिक तथा व्यवस्थित | निरन्तर | | | | | |

### ३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरुको विवरण संकलन र शैक्षिक तथ्याकंहरु अध्यावधिक तथा व्यवस्थित | पटक | १ | | | | | १ | २ | गाँउपालिका |
| २ | पूर्ण साक्षर यमुना माई गाँउपालिका घोषणा | वडागत | १ | १ | १ | १ | १ | ५ | ५ | गाँउपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | २ | २ | गाँउपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | १ | १ | | २ | २ | गाँउपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | २ | ४ | गाँउपालिका |
| ६ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | २ | सा. सि.के. |
| ७ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ३ | १० | सा. सि.के. |
| ८ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | २ | ४ | गाँउपालिका |
| ९ | राष्ट्रिय शिक्षा सक्षमता प्रारुपको सफल कार्वान्वयन | निरन्तर | | | | | | | | |
| १२ | वडागत घुम्ति पूस्ताकलयको स्थापना | पटक | | १ | | | १ | २ | ४ | |
| १३ | छोटो अवधिको शिपमुल्क तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | प्रम्परागत तथा रैथाने शिक्षा विकास तथा प्रर्वद्धन | निरन्तर | | | | | | | | |
| १५ | योग तथा व्याम शिविर संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेदः चार
# अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू जस्तै प्रारम्भिक बाल विकास, आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास लगायतका विषयहरूको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ। यस योजनाले शिक्षाका अन्तर सम्वन्धित विषय तथा क्षेत्रहरु जस्तै समता तथा समावेशीकरण अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन अवस्था शिक्षा, विद्यालय भौतिक विकास, तथा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ। विद्यालय शिक्षाको वर्तमान अवस्था, आवश्यकताहरू तथा सम्भावित समाधानहरू पहिचान गरी योजनाको उद्देश्य, रणनीति, प्रमुख नतिजा, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरिएको छ, जसले शिक्षाको समग्र  शिक्षाको सन्तुलित सुधारमा योगदान पुर्याउनेछ।

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम मानव जीवनका समस्याहरू समाधान गर्न आवश्यक ज्ञान, सीप र क्षमता आर्जनका लागि मार्गनिर्देशको रूपमा कार्य गर्छ। यसले शैक्षिक र सामाजिक जीवनदर्शन, सिकाइ प्रक्रिया, र ज्ञानको प्रकृतिका आधारमा बालबालिकाको सिकाइको आवश्यकताहरू पहिचान गरेर योजना प्रस्तुत गर्दछ। पाठ्यक्रम विकास निरन्तर प्रक्रिया हो, जसले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता अनुसार परिवर्तन हुन्छ। पाठ्यक्रमले विद्यार्थीलाई सिकाइका लागि सही दिशा दिने उद्देश्य राख्छ र यसलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी, र समुदायको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम समयसापेक्ष, सान्दर्भिक र समावेशी हुनुपर्छ। अपेक्षित उपलब्धिको पहिचानका लागि मूल्याङ्कन गरिन्छ जुन कक्षामा आधारित पठन सीप परीक्षण, आवधिक परीक्षा र अन्य मूल्याङ्कन विधिहरू प्रयोग गरि गरिन्छ। यसका साथै, विद्यार्थीहरूको पहुँचका लागि विद्युतीय सामग्री र अनलाइन पोर्टलहरू तथा अन्य स्थानिय समाग्रिहरुको प्रयोग गरि विषयवस्तु सुहाउदो शैक्षिक समाग्रिहरुको निर्माण गरि गुणस्तरिय शिक्षाका लागि  कक्षा शिक्षणमा प्रभावकारी प्रयोग गरिएको हुन्छ।

### ४.१.२ वर्तमान अवस्था

यमुना माई गाँउपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। तर स्थानिय सरकारको अधिकार क्षेत्र तथा जिम्मेवारीमा राहेका स्थानिय पाठ्यक्रम विकास तथा कार्यन्वयन यस पालिकाले गर्न साकेका छैन जसकारण वाललविलिका ले पालिकाको समग्रता आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले वुझन र पढन पाएका छैन। आधारभूत तहमा स्थानीय कला,संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने  हो र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गर्नु पर्नेमा गर्न सकेका छैन। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिए ता पनि प्रभावकारी रुपले अगाडी वढन सकेका छैन।

खास गरि, आधारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली मार्फत उद्दार कक्षोन्नित नीति अपनाइएको छ। आधारभूत तह कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशतनिर्माणत्मक मूल्यांकन विधि अपनाइएको छ। आधारभू तह कक्षा ६ र ८ मा ६०प्रतिशतनिर्णायात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्यांकन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

**४.१.३ चुनौतीहरुः**

१. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार कक्षामा मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्न।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु।
४. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
५. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न।
६. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा पद्धतिको विकास गर्नु।
७. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु।

**४.१.४ उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथामूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. पाठ्यक्रम विकासमा स्थानीय तहको नेतृत्व र सहभागिता सुनिश्चित गर्नु .
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
३. स्थानीय पाठ्यक्रम मार्फत यमुना माई गाँउपालिकाको समृद्धी निर्माणका लागि सक्षम,सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
४. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

**४.१.५ रणनीतिहरू**

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउँदै, सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन अनुसन्धान र मूल्याङ्कनमा आधारित हुनेछ।
२. पाठ्यक्रम र पाठ्यपुस्तक विकासलाई सहभागितामूलक बनाउँदै, स्थानीय सरोकारवालामा अपनत्व सिर्जना गरेर स्थानीय परिवेशमा आधारित पाठ्यक्रम कार्यान्वयन गरिनेछ र प्रभावकारिता आधारमा निरन्तरता दिइनेछ।
३. स्थानीय पाठयक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने ,
४. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
५. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
६. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाईप्राथमिकता दिइने छ।

७. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेललिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
९. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धी**

१. स्थानीय पाठ्यक्रमको विकास भई लागु भएको हुने।
२. वालवालिकाहरुले स्थानीय वारे जानकार भएको हुने।
३. स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी कार्वन्वयन भएको हुने।
४. शिक्षकहरुले स्थानिय समाग्रिहरुको प्रयोग गरि विषयवस्तु अनुसारको शैक्षणिक समाग्रिहरुको उत्पादन गरि कक्षामा पर्योग गरेको हुने छ।
५. विद्यार्थीहरुमा स्थानिय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानसकारात्मक सोच भएको
६. निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष - २०८१८२ | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने | ८ | ८ | ८ | ८ | ८ | ८ |
| २ | स्थानीय पाठ्यक्रम निर्माण | ० | | कक्षा१देखि३सम्म | कक्षा ४ देखि ५ सम्म | | कक्षा ६ देखि ८ सम्म |
| ३ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार | ० | | | कक्षा१देखि३सम्म | कक्षा ४ देखि ५ सम्म | कक्षा ६ देखि ८ सम्म |
| ४ | स्थानिय पाठ्यक्रम सम्वन्धी शिक्षकहरुलाई तालिम | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |

### ४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | संघ/स्थनीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | संख्या | | | | | | | | तह/बिधयल |
| २ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ५ | स्थानिय पाठ्यक्रमको र कार्वान्वयन | निरन्तर | | | | | | | | स्थानिय तह/बिद्यायल |
| ६ | स्थानिय वस्तुहरुको प्रयोग गरि शिक्षण सामाग्रिहरुको निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानिय |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री निर्माण | निरन्तर | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय :

शिक्षक व्यवस्थापन र पेशागत विकास शिक्षा क्षेत्रमा महत्त्वपूर्ण कार्य हो, जसले गुणस्तरीय शिक्षण सुनिश्चित गर्न मद्दत पुर्याउँछ। शिक्षाबजेटको ७०शिक्षक तलबमा खर्च हुन्छ। शिक्षकको छनोट %, नियुक्ति र पदोन्नति शिक्षक सेवा आयोगले गर्ने भए पनि संघीयता कार्यान्वयन पछि स्थानीय तहको पनि सहभागिता आवश्यक भएको छ। शिक्षक तालिम केन्द्रमार्फत सञ्चालित रहेपनि, केही स्थानीय तहले क्षमता विकास तालिम पनि सञ्चालन गरेका छन्। शिक्षकको पेशागत सीपले शिक्षाको गुणस्तरमा सीधा असर पुर्याउँछ, र तालिमबाट प्राप्त ज्ञान कक्षामा प्रभावकारी प्रयोग गर्न आवश्यक छ। निरन्तर प्राविधिक सहयोग र शिक्षकको पेशागत विकासमार्फत शिक्षण सुधारले विद्यार्थीको सिकाइ सुधार्न मद्दत गर्दछ ।

### ४.२.२ बर्तमान अवस्था :

**शिक्षक पेशामा आकर्षण र नियुक्ति**

नेपालको पन्ध्रौं योजना २०७६/०७७-२०८०/८१ ले शिक्षण पेसामा आकर्षण बढाउन विश्वविद्यालयका उत्कृष्ट अङ्क हासिल गर्ने व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ ।शिक्षक सेवानियमावली, २०५७ अनुसार शिक्षाको लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षकको हुनका लागि शिक्षक सेवा आयोगले लिने परिक्षामा पास भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेशा सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिने अवस्था सुधार हुँदै गएको छ ।

**शिक्षक तयारी**

शिक्षक सेवा आयोग नियमावली,२०५७ का अनुसार बि.एड.वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ ।प्राथमिक र निमावि तहका लागि शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यका लागि प्रमाणपत्र तह उत्तिर्ण १० महिने तालिम लिई अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनु गरेको र माध्यमिक तहका लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एक बर्षे बि.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति योग्य मानिन्छन् ।कक्षा ११-१२ को हकमा अध्यायपनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र लिएको व्यक्ति शिक्षाको हुन योग्य मान्ने व्यवस्था गरेको छ।

**तहगत शिक्षक विवरण**

| तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| पूर्व प्र.बि. बा.बि.के. | ० | १७ | १७ |
| आधारभूत (१-५) | ३६ | २२ | ५८ |
| आधारभूत (६-८) | १७ | २ | १९ |
| माध्यमिक (९-१०) | १२ | १ | १३ |
| माध्यमिक(११-१२) | २ | ० | २ |

**शिक्षण सिकाई क्रियाकलाप**

बिद्यालय तहको पाठ्यक्रम प्रारूप,२०७६ ले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रबिधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ ।यस्तै राष्ट्रिय शिक्षा नीति,२०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गर्दै प्रविधिमैत्री,व्यावहारिक र नतिजामूलक बनाउन बनाउने उल्लेख गरेको अबस्था छ ।चालू पन्ध्रौं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामाग्री, सन्दर्भसामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री,उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ ।विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७७/७८) ले शैक्षनिक अभ्यासको सुधार मार्फत् नै विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुन्छ भन्ने मान्यता राखेको पाइन्छ ।

**शिक्षक पेसागत सहयोग पद्दति**

सैद्धान्तिक ज्ञान प्राप्त नव आगन्तुक शिक्षकले प्राप्त गर्ने सेवाकालिन तालिममा सिकेका ज्ञान, सीप र कार्यकौसलले सबै परिस्थिति र परिवेशमा सहयोग नगर्न सक्छ ।परिवर्तित समयमा आएका नयाँ-नयाँ विधि, सिद्धान्त र तौरतरिकाको जानकारी लिने सिकेको ज्ञान, सीपलाई समयअनुसार सान्दर्भिक बनाउने र विद्यार्थीको ज्ञान, सीप, क्षमता र परिवेश अनुसार परिमार्जन गर्दै जानुपर्दछ ।एक परिस्थितिमा उपयोगी र प्रभावकारी भएको सिप अर्को परिस्थितिमा उत्तिकै उपयोगी प्रभावकारी नहुन सक्दछ ।त्यसैले परीक्षणका लागि शिक्षकलाई समयको माग अनुसार आफूलाई समायोजन गर्न समय समयमा सहयोगको आवश्यकता पर्दछ ।व्यक्तिगत त्प्रयासबाट सकिने सुधारका लागि अभिप्रेरित अभिप्रेरित गर्नु पर्दछ भने अर्कोतिर शिक्षक सहयोग पद्धतिमा पनि विकास गर्नुपर्दछ ।शिक्षकको पेसागत सहयोग,२०७७ का अनुसार विद्यालयमा शिक्षकलाई आन्तिरिक शिक्षकको coaching/mentoring, विद्यालय तह सिकाई समूह निर्माण, क्लस्टर समूह निर्माण,सूचना प्रविधि मार्फत सहयोग, अन्तरविद्यालय भ्रमणजस्ता मोडालिटी उल्लेख गरेको पाइन्छ ।सबै परिवेशमा यीनै ठिक भन्ने होइन यमुना माई गाँउपालिकामा विज्ञहरु सहितको joint monitoring system बाट पेसागत सहयोज हुने गरेको छ ।केन्द्र विद्यालयको अवधारणा अनुसार केन्द्र विद्यालय सहायक विद्यालयका शिक्षकलाई शिक्षण सिकाइको क्रममा आएका समस्या समाधान गर्न सहयोग गरेको पाइन्छ ।विभिन्न समयमा मागमा आधारित पेसागत सहयोग कार्यक्रम पनि सञ्चालन गरी पनि सबै मागहरु सम्बोधन गर्न सकिएको छैन ।नगरमा कम्तिमा प्रत्यक बिषयको एक जानका हिसाबले विज्ञको व्यवस्था मिलाईनेछ ।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछअनुभव ,पुनर्ताजगी तालिम , प्रमाणीकरण तालिम , स्वप्रयत्नमा आधारित सिकाइ आदि ,स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम ,आदान प्रदान कार्यक्रम। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउनसक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ।शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदिअवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमताअभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षककोक्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विमा २०५० .सं.शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो ।

**शिक्षकको उत्तरदायित्व**

शिक्षण सिकाइको मुख्य उत्तरदायित्व नै शिक्षण गर्ने हो ।शिक्षण सिकाइ प्रक्रिया सञ्चालन भइरहँदा आउने समस्याको समाधान व्यक्तिगत र संस्थागत रूपमा पहल गर्ने, शिक्षण शिक्षणलाई मर्यादित बनाउने, पेशागत विकासका मोडालिटी विकास गर्ने, तालिम कार्यशाला, गोष्ठी, अभिमुखीकरणमा सहभागी हुने र त्यहाँ सिकेका सिपलाई कक्षाकोठामा प्रयोग गर्ने, समस्या समाधान गर्नेजस्ता थप उत्तरदायित्व वहन गर्नु पनि शिक्षकको नैतिक जिम्मेवारी हो ।प्र.अ. समेत पर्ने हुनाले समस्या समाधान गर्न छलफल गर्ने, क्षमता विकास कार्यक्रम गर्ने, बालबालिकालाई गुणस्तरी शिक्षा प्रदान गर्न शिक्षक तथा अभिभावकलाई रचनात्मक पृष्ठपोषण दिने कार्य प्रधानाध्यापकले गर्नु पर्दछ ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६जना ८का लागि १२-९जना र माध्यमिक तह ४का लागि कम्तीमा ८-शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिको सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी अनुपात ECD मा ५३.९४ कक्षा१-५ मा ७९.६२, कक्षा ६- ८ मा ११७.२६ र कक्षा ९-१० मा ८१ र ११-१२ को २४७ रहेको छ । अधिकांश बिद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्र.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश शिक्षक र विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । गत आर्थिक बर्षमा शिक्षा बिकाश तथा समन्वय इकाइ रौतहटले यस गाँउपालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको काम सम्पन्न गरिसकेको भए ता पनि राम्ररी शिक्षक व्यवस्थापन हुन सकेका छैन । सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस गाँउपालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

**४.२.३ चुनौतीहरु:**

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।

३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
७. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु

**४.२.४ उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्य,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु ।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास ।

**४.२.५ रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र परिमार्जन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेशागत विकासरका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

**४.२.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क ) उपलब्धी**

१. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार र शिक्षकको पेशागत क्षमता विकास गरि शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने ।
२. पालिका अन्तर्गतका बिद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा प्राथमिकताका आधारमा भौतिक संरचना निर्माण गर्ने।
३. पालिकाद्धारा आवश्यकता अनुसार स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई १ वर्षे करार सूची प्रकाशन गरिनेछ।
४. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
५. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
६. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान हुनेपरिमार्जन तथा आपूर्ति ।

## ख) नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १ | २ | ३ | २ | ० |
| ६ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको बिधालय संख्या | ० | ८ | ८ | ८ | ८ | ८ |
| ७ | सामुदायिक आधारभूत बिद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ० | ४५ | ५५ | ६५ | ८५ | १०० |
| ८ | आधारभूत र माध्यमिक तहमा नयाँ न्युक्त भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिबृद्दी तालिम (Capacity Development Training) लिएका शिक्षक सङ्ख्या | ० | ४० | ५० | ६० | ८० | १०० |
| ९ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये बिद्यार्थीहरूको सिकाई अभिबृद्दीका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या | १० | ३० | ४० | ५० | ७० | ९० |
| १० | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक प्रतिशत | १० | २० | ४० | ६० | ८० | १०० |
| ११ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ६७ | ६७ | ६७ | ६७ | ६७ | ६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | २९ | २९ | ३५ | ३५ | ४० | ४० |
| १३ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ४८ | ५० | ५० | ५० | ५० | ५० |
| १४ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २० | २५ | २५ | २५ | २५ | २५ |
| १५ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ० | ५ | १० | १० | १० | १० |
| १६ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १९.२ | २० | २५ | २५ | २५ | २५ |

स्रोतः शिक्षा शखा ,EMIS टुलकिट २०८१

### ४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | जम्मा | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | अवशयकता अनुसार | | | | | | | | संघ र गाँउपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | गाँउपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | | |
| | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | | १ | | १ | १ | १ | संघ,प्रदेश/गाँउपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | गाँउपालिका |
| | उपचारात्मक शिक्षण पद्धति बिकास | निरन्तर | | | | | | | | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय स्थापना | संख्या | | ३ | ५ | ० | ० | ८ | १६ | संघ,प्रदेश/गाँउपालिका |
| | एक विद्यालय एक ICT ल्याव स्थापना | संख्या | | १ | १ | १ | १ | ४ | ८ | संघ,प्रदेश/गाँउपालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | शिक्षक पेशागत सहयोग पद्धति बिकास | निरन्तर | | | | | | | | संघ,प्रदेश/गाँउपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास र प्रयोग | पटक | | १ | | | | १ | २ | गाँउपालिका |
| | पेशागत शैक्षिक अवलोकन | निरन्तर | | | | | | | | गाँउपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | ३ | गाँउपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | गाँउपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | गाँउपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | १ | | १ | २ | ४ | संघप्रदेश/गाँउपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा समावेशी र समान हुनुपर्छ, जसले हरेक व्यक्तिको जाति, लिंग, भाषा, क्षमता, वा आर्थिक(सामाजिक अवस्थाको आधारमा विभेद नगरोस् । समावेशी शिक्षाको मुख्य लक्ष्य सबैलाई शिक्षा प्राप्त गर्ने समान अवसर प्रदान गर्नु हो, विशेष गरी आर्थिक रूपमा कमजोर, फरक क्षमता भएका, तथा भाषिक, सांस्कृतिक रूपमा विविध समुदायका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउनु आवश्यक छv. नेपाल सरकारले शिक्षामा समानता र समावेशितालाई प्रवर्द्धन गर्न विभिन्न कानुनी तथा नीतिगत पहलहरू अघि बढाएको छ। नेपालको संविधान ले शिक्षामा समान अवसर सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ भने राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ , तथा एकीकृत क्षमता र नीति २०७१ ले बहिष्करणमा परेका समुदायका लागि शिक्षा पहुँचयोग्य बनाउने नीति अवलम्बन गरेका छन्। यी नीतिहरू अन्तर्गत छात्रवृत्ति, निशुल्क उच्च तथा प्राविधिक शिक्षा, आवासीय विद्यालय , तथा आर्थिक सहयोग कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्, जसले हरेक विद्यार्थीलाई उनीहरूको आवश्यकता अनुसार शिक्षामा सहभागी गराउन सहयोग पुऱ्याउने लक्ष्य राखेको छ। शिक्षामा समावेशिता र समानता सुनिश्चित गर्नका लागि विविध समुदायका आवश्यकतालाई ध्यानमा राखी बहुभाषिक शिक्षा, फरक क्षमताका विद्यार्थीका लागि सहायक प्रविधि , तथा लैंगिक समानता अभिवृद्धि कार्यक्रमहरू लागू गरिनु जरुरी छ। केवल

कानुनी व्यवस्था मात्र पर्याप्त नभई तिनको प्रभावकारी कार्यान्वयन तथा व्यवहारिक अभ्यासबाट मात्र सबैका लागि समान र समावेशी शिक्षा सम्भव हुनेछ।

**४.३.२ वर्तमान अवस्था**

महिला र पूरषको लिगंको अनुपात ९५.५९ (१०० महिलामा पुरुष संख्या) त्यसतै जनगणना २०७८ अनुसारको बडागत जनसंख्या र जातजाती अनुसारको विवरणलाई केलाएर हेर्दा यहाँ यमुना माई लैंगिक सन्तुलनमा भिन्नता देखिएको छ। वडा नं. १ र ५ मा पुरुषको संख्या महिलाभन्दा बढी छ, जबकि वडा नं. २, ३ र ४ मा महिलाको संख्या बढी छ (विशेषगरी वडा नं. ३ मा)। यो असन्तुलनले बसाइँसराइ वा अन्य सामाजिक-आर्थिक कारणहरूलाई औंल्याउँछ। यसर्थ, गाउँपालिकाले विकास योजना तथा सेवा प्रवाहमा वडागत लैंगिक संरचनालाई ध्यान दिई, प्रत्येक वडाको विशिष्ट आवश्यकता अनुरूप समतामूलक र समावेशी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ। यो पालिकामा मुस्लिम जातिहरूको संख्या सव जाती भन्दा उच्च ३८.७ प्रतिशत, मध्यम मा ६.२ प्रतिशत कुर्मीको रहेको छ भने १० औ स्थानमा लोहार जाती रहेकोछ।

**४.३.३ चुनौतीहरू**

१. यमुना माई गाँउपालिकामा लैङ्गिक अनुपात ९५.५९ (१०० महिलामा पुरुष संख्या) रहेको र गाँउपालिकाले अनुपात कायम गर्न नसकेको,
२. महिला र पुरुष शिक्षकको अनुपात मिलन नसक्नु।
३. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिशिचित गर्नु।
४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
६. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने।

**४.३.४ उद्देश्यहरू**

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ,।
४. महिला शिक्षकको संख्या बृधिमा गर्ने।

**४.२.५ रणनीतिहरू**

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
२. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
३. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।
४. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
५. लैङ्गिकमैत्रीक संरचना निर्माण गर्नेअपाङ्गतामैत्री तथा बालमैत्री भौति ,।
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।

७. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
८. सिमान्तकृत समुदायको विद्यार्थीहरुका लागि थप छात्रवृती जस्ता प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिने ।
९. शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क)उपलब्धि**

१. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।
२. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
३. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
६. मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने ।
७. महिला शिक्षकको संख्यामा बृदि हुने छ ।
८. शिक्षण प्रक्रिया वहुभाषी र स्थानिय भाषाको प्रयोग गरि भएको हुने ।

**(ख) नतिजा**

| क्र.सं. | सूचक | सूचकहरु को तह | आधार वर्ष(२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्याँक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| ३.१ | खुद भर्ना दरमा लैगिंक समता सूचक | स्थानीय | ०.७ | ०.८ | १. | १. | १. | १. | | |
| | | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.८८ | १. | १. | १. | १. | १. | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका (प्रतिशत) १-८ कक्षा र १-१२ कक्षा | स्थानीय | २१ | २० | १०. | ८. | ५. | ० | | १-८ कक्षा |
| | | स्थानीय | १० | ५ | ५ | ० | ० | ० | | १-१२ कक्षा |
| | | ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९- | स्थानीय | ०.९ | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२) | | | | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | स्थानीय | **१९.२** | **२०** | **२५** | **२५** | **२५** | **२५** | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | **७२** | **८०.** | **९०.** | **९५.** | **१००.** | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | **८०.७** | **८०.** | **९०.** | **९५.** | **१००.** | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | **७६.१** | **८०.** | **९०.** | **९५.** | **१००.** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | **०.९** | **१.** | **१.** | **१.** | **१.** | | | |

स्रोतः शिक्षा शाखा, EMIS, टुलकिट २०८१

### ४.३.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य (वर्ष ५)** | | | | | | **भौतिक लक्ष्य १०) (वर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | ज म्मा | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | १ | २ | गाँउपालिका |
| २ | विद्यालय बाहिररहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | | |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयहरूमा वालमैत्री ,अपाङ्गता मैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | संख्या | | १ | २ | ३ | १ | ८ | १६ | |
| ६ | मातृभाषामा सिकाइको अवस र प्रदान | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरिने । | | | | | | | | | |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | | |
| ८ | महिला शिक्षकको क्षमता अभिवृद्धी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | पटक | १ | २ | ३ | १ | ८ | १६ | १ | |

## ४.४ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।आर्थिक वर्ष २०७७ र २०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७र ७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको सत्रौ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

**विद्यालयमा स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधिकिशोरीका लागि फोलिक एसिड तथा आइरन , लन हुने गर्दछन्चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चा।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घरभएकाहरू कोठाको प्रबन्ध नै छैन भने/मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

यस पालिकाका अन्तर्गतका नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमबाट ८ववटा बिद्यालय मार्फत आ.वा. २०८१/०८२ मा कक्षा १-५ सम्मका ४६१८ बालबालिका लाभान्वित भएका छन्, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ। सरसफाई तथा खानेपानीको अवस्था दैनिय छ, शौचालय प्राय जसो विद्यालयमा भए पनि सरसफाईको कमि र त्यसको उचित व्यवस्थापन हुन सकेका छैन ।

### ४.४.३ चुनौतीहरू

१. सबै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था गर्ने।

२. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

**४.४.४ उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

**४.४.५ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी ,गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।
२. विद्यालय सरसफाईलाई नियमित गर्नेका लागि कार्यविधि वनाई लागु गरिने ।
३. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने।
४. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
५. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

**४.४.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने ।
२. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
३. विद्यालय दिवा खाजा कार्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
४. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थयकर्मी परिचालन हुने।
५. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
६. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
७. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।
८. सवै विद्यालयमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था भएको हुने ।

## ख) नतिजा

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| २ | कक्षा१मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्तगरेका बालबालिका (प्रतिशत) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-८ | १-८ | १-८ | १-८ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँचपुगेका विद्यालय सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ६ | नर्सिङ्सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १ | १ | १ | १ | ० |

## ४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | ० | १ | ० | ० | ० | १ | २ | गाँउपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | बिद्यालय | १ | १ | १ | १ | १ | ५ | ८ | संघ/ प्रदेश/ गाँउपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | गाँउपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | ६-८ | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त | निरन्तर | | | | | | | | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिवाखाजा | | | | | | | | | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ८ | ८ | ८ | ८ | ८ | ८ | १६ | विद्यालय |
| ८ | विद्यार्थीहरुको स्वास्थ्य परिक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |
| ९ | महिनावारी स्वच्छता सम्वन्धी तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | १० | २० | |
| १० | २४ वटा विद्यालयमा सेनिटरी प्याडको डिपोजलको लागि मेसिन | पटक | ८ | ८ | ८ | ८ | ८ | ८ | २० | |

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा आपतकालीन तथा संकटपूर्ण ) लाई समावेश (अवस्थामा शिक्षा गर्ने गरेका छन्। विशेषतलामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव :२०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिडलगायतका १९- हामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकामरमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: कालीन अवस्थाहरू समावेश गरिएको छतीन प्रकारका आपत :

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गुटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड ,-१९आदि सरूवा रोगहरू।

ग) युद्ध, द्वन्द्व, विस्थापनआन्तरिक तथा : बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यविधि २०७७ ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चिधत गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा ,फोन तथाटोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नंलाई जोर विजोर प्रणालीमार्फत . विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षणसिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।

### ४.५.३ चुनौतीहरू :

१. संकटको क्षेत्र पहिचान गर्नु ।
२. पूर्व तयारी र प्रतिकार्य योजना निर्माणको प्रक्रिया र सहभागिता गराउन
३. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्न ।
४. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
५. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।

### ४.५.४ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।
३. आपतकालिन अवस्थामा शिक्षण क्रियाकलापको निरन्तरता गर्नु ।

### ४.५.५ रणनीतिहरू

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
२. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।
३. स्थानीय सरकारले संकटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आआफ्ना विद्यालयको योजना तयार गर्ने छन्-।
४. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।
५. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।
६. बिद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा संचालन गरि सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धी**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**(ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने। | ० | १० | १० | ४ | ० | ० |
| २ | स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने। | ० | २४ | २४ | २४ | २४ | २४ |
| ३ | महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने। | ० | २४ | २४ | २४ | २४ | २४ |

## ४.५.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना निर्माण र कार्यान्वयन | योजना | १ | २ | २ | १ | २ | ८ | १६ | संघ/ प्रदेश/ गाँउपालिका |
| २ | विद्यालयको भौतिक संरचनाको जोखिम मुल्यकंन र व्यवस्थापन | संख्या | १ | २ | २ | १ | २ | ८ | १६ | गाँउपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधारको सवलिकरण | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ गाँउपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | १ | २ | २ | १ | २ | ८ | १६ | गाँउपालिका |
| ५ | विपद तथा जोखिम न्यूनिकरणका लागि प्रतिकार्य योजना निर्माण तथा पूर्व त्यारी | संख्या | १ | २ | २ | १ | २ | ८ | १६ | गाँउपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस सहित स्वास्थ्यकर्मी परिचालन | संख्या | १ | २ | २ | १ | २ | ८ | १६ | गाँउपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। त्यसतै विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धी ऐन २०८० अनुसारको भौतिक विकास विद्यालयमा वालमैत्री रुपमा हुनु पर्छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस यमुना माई गाँउपालिकामा कूल विद्यालय ८ सामुदायिक विद्यालय छन । केहि अधारभुत विद्यालयहरुमा पक्की भवन हरु रहेका छन भने माध्यामिक तहका विद्यालयहरुमा पक्की भवनहरु सन्तोषजन नै रहेको छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु संख्या ५ छात्र शौचालय ५तथा महिला शिक्षक शौचालय ८ वटा छन् तर पनि शौचालयहरुमा पानीको अभाव र कम व्यवस्थित रहेका छन् । खानेपानीको आफ्नै श्रोत धारामा अधारित रहेका विद्यालय ८ छन् । विपद् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ। पालिका भरमा ३ वटा विद्यालयमा पुस्तकालय, २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, २ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा माध्यमिक विद्यालयहरुमाविद्यालयमा स्टाफ कोठा, विद्यालयमा स्टोर कोठा, विद्यालयमा खेलकुद कोठा साथै विद्यालयमा पर्याप्त खेल मैदान सवै विद्यायहरुमा रहेका छैन् भने आधारभूत तहमा प्रयाप्त भवन ,कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी र घेराबार वा विद्यालय पर्खालको कमि रहेको छ ।

### ४.६.३ चुनौतीहरू

१. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
२. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५. पूर्वाधारहरूलाई बालमैत्रीङ्गिक मैत्री बनाउनुअपाङ्गता र लै ,।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री अपङ्गता र लैङ्गिकमैत्री ,बनाउने।

### ४.६.५ रणनीतिहरू

१. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
२. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।

३. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी  सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
४. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
५. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार तथा सवलिकरण गरिनेछ ।

**४.६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त वाल, आपाङ्ग मैत्री भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने। | 0 | | १ | ० | ० | ० |
| २ | पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ। | ० | १ | ० | ० | ० | ० |
| ३ | विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धी मापदणड २०८० अनुसारको भौतिक पूर्वाधार सवलिकरण र विकास | ० | ८ | ८ | ८ | ८ | ८ |
| ४ | पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने । | ८ | ८ | ८ | ८ | ८ | ० |
| ५ | पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार भई लागु | ० | १ | ० | ० | ० | ० |
| ६ | विद्यालयमा अपाङ्गमैत्री बालमैत्री तथा , लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। | ८ | ८ | ८ | ८ | ५ | ८ |

**४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | १ | २ | गाँउपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० | पटक | | १ | १ | | | २ | ३ | गाँउपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वर्षे गुरु योजना तयार | | | | | | | | | |
| ३ | अपाङ्गमैत्री बालमैत्री तथा लैङ्गिक मैत्री , भौतिक पूर्वाधार निर्माण | संख्या | १ | २ | ३ | २ | १ | ८ | १६ | गाँउपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयको मर्मत सम्भार र सवलिकरण | निरन्तर | | | | | | | | |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | आवश्यक | | | | | | | | |

## ४.७ विधालय सूचना तथा संचार प्रबिधि

### ४.७.१ परिचय

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, विद्यार्थीलाई अभिप्रेरित गर्न, र शैक्षिक व्यवस्थापनमा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्छ। प्रविधिको विकासले डिजिटल विभाजन कम गर्दै सबै विद्यार्थीका लागि शिक्षामा समान पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ (MoE, 2013)। कोभिड-१९ महामारीले प्रविधिमैत्री शिक्षाको आवश्यकतालाई थप उजागर गरेको छ, जसले अनलाइन, अफलाइन तथा भर्चुअल सिकाइ प्रणालीको प्रयोग अपरिहार्य बनाएको देखिन्छ (Poudel, K. 2020)। नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, डिजिटल नेपाल कार्यढाँचा, २०७६, तथा राष्ट्रिय विज्ञान तथा प्रविधि नीति, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना प्रविधि शिक्षा तथा GIS शिक्षालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेका छन्। साथै, विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्रविधिमैत्री सिकाइका लागि आवश्यक सामग्री उपलब्ध गराउने, विद्युतीय शिक्षण सामग्री निर्माण गर्ने, पूर्वाधार विकास गर्ने, तथा सूचना व्यवस्थापन प्रणाली (IEMIS) विकास गर्ने कार्यक्रमहरू अघि सारिएका छन्। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगले गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै प्रविधिमैत्री भविष्यको निर्माण गर्न सहयोग गर्नेछ । डिजिटल साक्षरताको अभिवृद्धिबाट मात्र सिकाइको सशक्तीकरण सम्भव हुनेछ, जसले विद्यार्थीलाई २१औँ शताब्दीका आवश्यक सीप हासिल गर्न मद्दत गर्नेछ ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकाले ६ ओटा विद्यालयलाई विद्युत्तीय पुस्तकालय उपलब्ध गराएको छ २ ओटा माध्यमिक बिधालयमा स्मार्ट कक्षा रहेको छ | हाल मल्टिमिडिया समेतको सुविधा भएको ३ र १ वटा स्मार्टवोर्ड रहेकोछ । यमुना माई गाँउपालिकामा सबै माध्यमिक विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशालाकम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका , विद्यालयहरु ५ वटा रहेका छन् । यस पालिकामा धैरै जसो विद्यालयमा ICT तालिम लिएको शिक्षकको अभाव देखिन्छ ।

### ४.७.३ चुनौतीहरू

१. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।
२. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउने।
३. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
४. विस्तार गरिएका ईपुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न-।
५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।

७. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।

**४.७.४ उद्देश्यहरू**

१. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
२. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
४. शिक्षण प्रक्रियालाई दुर शिक्षाको रुपमा पनि विकास गरिने ।
५. सिकाईलाई प्रभावकारी र रोचक वनाउनका लागि कक्षामा प्रविधिको प्रयोग गरिने।

**४.७.५ रणनीतिहरू**

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
३. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
५. सबै विद्यालयहरूमा सि.सि क्यामरा तथा विद्युत्तीय हाजिरी जडान .गरिनेछ।
६. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
७. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
८. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
९. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिने ।
१०. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ ।

**४.७.६ प्रमुख उपलव्धि तथा नतिजा**

**क) उपलव्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधारल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापनना डिजिटल ल्याव स्थाप , | ० | ० | १ | | | |
| २ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने। | ० | ३ | २ | १ | १ | १ |
| ३ | स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर | ० | ३ | २ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वा Android फोन का साथै पेनड्राइभ हुने। | | | | | | |
| ४ | विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने। | ३ | २ | १ | १ | १ | ० |
| | प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण -गर्ने। | ३ | २ | १ | १ | १ | ३ |
| | शिक्षकमा सञ्चार प्रविधिको सीप  विकास | ३ | २ | १ | १ | १ | ३ |
| | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा  विस्तार हुने। | ३ | २ | १ | १ | १ | ३ |
| | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने। | ३ | २ | १ | १ | १ | ३ |

### ४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | ३ | २ | १ | १ | १ | ८ | १६ | |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | १ | १ | २ | ५ | |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ३ | २ | १ | १ | १ | ८ | १६ | |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | ३ | २ | १ | १ | १ | ८ | १६ | |
| ५ | विद्यार्थीको डिजिटलमा पहुच | प्रतिशत | | १० | १० | १० | १० | ४० | ७० | |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | ३ | २ | १ | १ | १ | ८ | १६ | |
| ७ | फ्रि वाईफाई चौतारी- | संख्या | ३ | २ | १ | १ | १ | ८ | १६ | |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | | |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चारप्रविधको प्रयोग | निरन्तर | | | | | | | | |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | | | | | |

# परिच्छेद:पाच
# सुशासन तथा व्यवस्थापन

## ५.परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान,

विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

परिवर्तित शासकीय संरचना अनुसार स्थानीय सरकार सन्चालन ऐन,२०७४ मा उल्लेखित अधिकार र संविधानमा माध्यमिक तर्फको अधिकार स्थानीय तह को एकल अधिकार सूचीमा रहेको वर्तमान अवस्थामा नीतिनिर्माण व्यवस्थापन अनुगमन मूल्यांकन को सम्पूर्ण जिम्मा स्थानीय तहको हुन आएको छ । नगरकार्यपालिका र नगर शिक्षा समिति नीति निर्माणको तहमा रहनेछन शिक्षकको पेशागत बिकासका लागि नगर स्तरमा कम्तिमा प्रति विषय एकजना पर्नेगरी प्रशिक्षक व्यवस्था गरिनेछ ।स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै समिति गठन गरी कार्य अगाडि बढाइनेछ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ५.१.३ समस्याहरु र चुनौतिहरु

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन् ।
२. विद्यालय व्यवस्थापन समिति र अभिवावक सँघ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उतरदायी वनाउन ।
३. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
४. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन् ।
५. शिक्षको पेशागतरुपमा सहयोग पुर्याउन ।
६. तिनै तहका विभिन्न निकायहरु विच समन्वय सहकार्य कमजोर हुनु ।

### ५.१.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने ।
२. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।
३. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।
४. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने ।

**५.१.५ रणनीतिहरू**

१. तथा विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने
३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने
४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

**५.१.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) नतिजा**

१ स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
२ स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
३ शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
४ शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन | ८ | ८ | ८ | ८ | ८ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |

### ५.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास र लागु | संख्या | १ | १ | | | | २ | ३ | |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | १ | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | १ | २ | १ | २ | २ | ८ | १६ | |
| ४ | प्रलाई कार्यसम्पादन करार गरी जिमवेवार .अ. वनाउने | संख्या | १ | २ | १ | २ | २ | ८ | १६ | |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | १ | २ | १ | २ | २ | ८ | १६ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्रवडा/ | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र विद्यालय सं | १ | २ | १ | २ | २ | ८ | १६ | |
| ८ | विद्यालय व्यवस्थापन समिति नभएको मा गठन | निरन्तर | | | | | | | | |
| ९ | विद्यालहरुमा अनलाईनमा अधारित लेखा प्रणाली | संख्या | १ | २ | १ | २ | २ | ८ | १६ | |
| १०. | सरोकारवलाहरु विच समन्वय सहकार्य | निरन्तर | | | | | | | | |

## ५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.२.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्ष छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ५.२.३ चुनौतीहरू

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।
७. आन्तरिक वजेटको स्रोतको पहिचान गरि परिचालन गर्नु ।

### ५.२.४ उद्देशयहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.५ रणनितिहरु

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह:

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार यमुना माई गाँउपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
२. यमुना माई  गाँउपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. यमुना माई  गाँउपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
४. यमुना माई  गाँउपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
५. यमुना माई  गाँउपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
६. यमुना माई  गाँउपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय:**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न  क्रियाशील संरचना तयार गर्ने।
७. विद्यालयलेविद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**सामुदायिक सिकाइ केन्द्र:**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषय .के.सि.गत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

**५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,**

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**ख)प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा शुसान प्रवद्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालिको विकास हुनेछ ।

**५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| ४ | नियमित लेखा, सामजिक परिक्षण | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

**५.३.१ परिचय**

शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कन महत्वपूर्ण हुन्छन्। अनुगमन भनेको स्रोतसाधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरूको कार्यान्वयन, तथा लक्षित प्रतिफल प्राप्तिको अवस्थालाई नियमित वा आवधिक रूपमा निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण तथा जाँचबुझ गर्ने प्रक्रिया हो। यसले कार्यक्रमको प्रगति र वर्तमान अवस्थाबारे स्पष्ट जानकारी प्रदान गर्छ। त्यस्तै, मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने व्यवस्थित प्रक्रिया हो, जसले प्रतिफल र प्रभावमा केन्द्रित भएर कार्यक्रमको प्रभावकारिता मापन गर्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको क्रममा गरिन्छ, जबकि मूल्याङ्कन कार्यक्रम सम्पन्न भएपछि पनि गर्न सकिन्छ। यी प्रक्रियाहरूले शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग पुर्‍याउँछन्, जसले शिक्षाको गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। योजना आफैंमा पूर्ण होइन । यसको सफलता र असफलता यसको कार्यान्वयन ले निर्धारण गर्दछ ।बनेका योजना योजनावद्धरुपमा कार्यन्वयन भए मात्र अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।त्यसैले योजना निर्माणका क्रममा कार्यन्वयन संयन्त्र, अनुगमन प्रक्रिया र मूल्यांकनलाई स्पष्ट पार्नु पर्दछ ।यस नगरका शिक्षा योजनाको कार्यान्वयन संयन्त्र भन्नु नै गाँउपालिका,

बिद्यालय र अन्य सरोकारवाला निकाय हुन् जसको सक्रिय सहभागीताले मात्र योजना सफल हुन्छ ।अनुगमन गर्ने प्रमुख आहार भनेको योजनाले राखेका सुचकहरु उक्त सूचक प्राप्त भए नभएको निरन्तर आन्तरिक र बाह्य अनुगमनको व्यवस्था मिलाइनेछ ।प्रारम्भिक मूल्याङ्कनको आधारमा तयार भएको योजनाको पाँच वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तमा अन्तिम मूल्यांकन गरिनेछ ।मध्यावधि मूल्यांकनका क्रममा आएका सुझाव, पृष्ठपोषण आधारमा योजना हेरफेर समेत गरिनेछ ।शिक्षा विकास तथा समन्वय इकाई, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक संघ र शिक्षा सम्बद्ध संघसंस्थाले समन्वय तथा सहजीकरणको कार्य गर्नेछन् ।

### ५.३.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, यमुना माई गाँउपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्कहरु व्यवस्थापन हुन सकेका छैन । शिक्षा सखावाट अनुगमण पनि भइरहेता पनि प्रभावकारी हुन सकेका छैन ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

### ५.३.३ चुनौतिहरु

१. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनकोप्रतिवेदन व्यवस्थित गर्नु।
४. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

**५.३.४ उद्देश्य**

१. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
२. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
३. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**५.३.५ रणनीतिहरू**

१. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।
२. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने .
३. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने।
४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
५. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने।
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने।
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने

**५.३.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क) प्रमुख उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।
२. विद्यालय शिक्षामा शुशासन र प्रादर्शित अभिवृद्धी हुने।

**५.३.७ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | स्थानीय ,प्रदेश र संघ सबै ) (विद्यालयमा |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समिक्षा र प्रतिवेदन (बार्षिक/चौमासिक) | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | २ | २ | २ | २ | ९ | १८ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह र विद्यालय |

# परिच्छेदः छ
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

शिक्षा आर्थिक तथा सामाजिक परिवर्तनका लागि देशको मेरुदण्ड हो । त्यसैले सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

स्थानीय तहको लगानी र सुरक्षा व्यवस्थापनको मुख्य आधार भनेको नै संघीय सरकारबाट प्राप्त हुने Education Sector Plan अन्तर्गतको सशर्त बजेट नै हो । यसका अलवा निजी साझेदारी कार्यक्रम, प्रदेश तथा स्थानीय ताका सरकारबाट प्राप्त हुने अनुदान र अशिक्षा सम्बन्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोगबाट यस योजनामा समावेश भएका कार्यक्रमहरु संचालन गरिनेछ ।अधिकारहरुलाई निश्चित निति, निर्देशन, सिद्धान्तबमोजिम व्यवस्थित र यथार्थपरक, पारदर्शी रुपमा राख्ने व्यवस्था गरिनेछ ।

## ६.२ वर्तमान अवस्था

यमुना माई गाँउपालिकाले करिव करिव ८ प्रतिशतको हराहरी विद्यालय शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट लागानी र विनियोजन गर्ने गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

## ६.३ चुनौतीहरू

१. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड रबित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामालगानीको लागि जिम्मेवार बनाउने।

२. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन रस्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमाविकास गर्ने।
४. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्नआवश्यक स्रोतको व्यवस्था गर्ने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धताकार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।
६. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसकोदिगोपना सुनिश्चित गर्ने।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथानिरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरीलगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्नकठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता रगुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाईअभिलेखीकरण र प्रोत्साहन गर्ने
११. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।
१२. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

**६.४ उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
२. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रियाउपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।
५. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

**६.५ रणनीतिहरू**

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागत साझेदारी तीनै तहका सरकारहरू (संघीय, प्रदेश, स्थानीय) बीच हुनेछ।
२. संघीय सरकारको शिक्षा क्षेत्रको लगानीअनुसार प्रदेश र स्थानीय सरकारले थप लगानी गर्ने।
३. शिक्षामा सरकारी अनुदान खर्चको प्रमुख जिम्मेवारी स्थानीय तहको हुनेछ।
४. स्थानीय तहलाई लक्षित शैक्षिक पहुँच, सहभागिता, र गुणस्तर सुनिश्चित गर्न जवाफदेही बनाइने।
५. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।
६. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।

१. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागिनिश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
२. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।
३. सार्वजनिक सेवा,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।
४. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।
६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।
७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।
८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी रउत्तरदायित्वलाई थप सबल बनाइनेछ।

**६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क)उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**ख)नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
२. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुने ।
३. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
४. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने ।
६. सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने ।
७. विद्यालयहरुको आन्तरिक स्रोतको पहिचान तथा लागत तयार भएको हुने ।

## ६.७ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानितबजेट**

| **क्रसं** | **अनुदान प्राप्त हुने क्रियाकलाप** | आर्थिक वर्ष२०८१/0८२ | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| **वालविकास र शिक्षा** | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | १२९८ | १३६३ | १४३१ | १५०३ | १५७८ | ७१७२ | १४३४५ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १२९८ | १३६३ | १४३१ | १५०३ | १५७८ | ७१७२ | १४३४५ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत ) | ४०४०० | ४२४२० | ४४५४१ | ४६७६८ | ४९१०६ | २२३२३६ | ४४६४७१ |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अंग्रेजी, गणित, बिज्ञान, क्षिशान सहयोग अनुदान | २२७२ | २३८६ | २५०५ | २६३० | २७६२ | १२५५४ | २५१०८ |
| | जम्मा | ४२६७२ | ४४८०६ | ४७०४६ | ४९३९८ | ५१८६८ | २३५७९० | ४७१५७९ |
| **माध्यमिक शिक्षा** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह स्वीकृति दरवन्दी राहात शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक कर्मचारी प्राविधिक धारका शिक्षक कर्मचारी प्रशिक्षक समेत | ९३०० | ९७६५ | १०२५३ | १०७६६ | ११३०४ | ५१३८८ | १०२७७७ |
| २ | माध्यमिक तह कक्षा (९ देखि १०) मा अग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १५२४ | १६०० | १६८० | १७६४ | १८५२ | ८४२१ | १६८४२ |
| | जम्मा | १०८२४ | ११३६५ | ११९३३ | १२५३० | १३१५७ | ५९८०९ | ११९६१९ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| १ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ५४१ | ५६८ | ५९६ | ६२६ | ६५८ | २९८९ | ५९७९ |
| २ | विद्यालय शौक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्य सम्पादनमा आधारित अनुदान | ३२२२ | ३३८३ | ३५५२ | ३७३० | ३९१६ | १७८०४ | ३५६०७ |
| ३ | शौक्षिक सुशासनको लागि सस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ७७१ | ८१० | ८५० | ८९३ | ९३७ | ४२६० | ८५२१ |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | १९७१ | २०७० | २१७३ | २२८२ | २३९६ | १०८९१ | २१७८२ |
| | जम्मा | ६५०५ | ६८३० | ७१७२ | ७५३० | ७९०७ | ३५९४४ | ७१८८८ |
| **प्राबिधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | सामुदायिक विद्यालयमा प्राविधिक धार संचालन | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ७७३६ |
| २ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठयपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | ६२३० | ६५४२ | ६८६९ | ७२१२ | ७५७३ | ३४४२५ | ६८८४९ |
| | | | | | | | | |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | १४८८२ | १५६२६ | १६४०७ | १७२२८ | १८०८९ | ८२२३२ | १६४४६५ |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १९४७ | २०४४ | २१४७ | २२५४ | २३६७ | १०७५८ | २१५१७ |
| | जम्मा | १६८२९ | १७६७० | १८५५४ | १९४८२ | २०४५६ | ९२९९१ | १८५९८२ |
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति | ० | ० | ० | ० | ० | ० | ० |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (अवासिय तथा गैर अवासिय) | १९०९ | २००४ | २१०५ | २२१० | २३२० | १०५४८ | २१०९७ |
| | जम्मा | १९०९ | २००४ | २१०५ | २२१० | २३२० | १०५४८ | २१०९७ |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शौक्षिक पँहुच सुनिचिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | ७६४ | ८०२ | ८४२ | ८८४ | ९२९ | ४२२२ | ८४४३ |
| **आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यन्वयन | ४०० | ४२० | ४४१ | ४६३ | ४८६ | २२१० | ४४२१ |

| ख) प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |
| | जम्मा | ५०० | ३६७५ | ३८५९ | ४०५२ | ४२५४ | १९३४० | ३८६७९ |

| ग) स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| वालविकास र शिक्षा | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | स्थानीय पाठयक्रम विद्यालयलाई सहयोग | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यालयमा शिक्षकहरुको लागि तलव भता अनुदान | २५०० | २६२५ | २७५६ | २८९४ | ३०३९ | १३८१४ | २७६२८ |
| ३ | लोकसेवा तयारी अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | परिक्षा संचालन र विद्यार्थीहरुको रजिष्ट्रेसन शुल्क अनुदान | २००.०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| ५ | ड्रेस वितरण | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ६ | विद्यालय भौतिक पूर्वाधार निर्माण | २००० | २१०० | २२०५ | २३१५ | २४३१ | ११०५१ | २२१०३ |
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक<br>अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६— १२ )<br>विद्यर्थीहरुका लागि छात्रबृत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ५०००.०० | ५२५० | ५५१३ | ५७८८ | ६०७८ | २७६२८ | ५५२५६ |

**घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शैक्षिक सामाग्री वितरण | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| ३ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| | जम्मा | १६०० | १६८० | १७६४ | १८५२ | १९४५ | ८८४१ | १७६८२ |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ (पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम(२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना ,(२०७७)**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय


महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका